का.जि.प्र.का.द.नं. १००/०५९/६०

११ जेठ २०८२,
आइतबार
25 May, 2025
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २३, अंक ११२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# राजीनामाको दबाबमा गृहमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० जेठ ।

गृहमन्त्री रमेश लेखकमाथि राजीनामा दिन दबाब बढ्दै गएको छ । प्रतिपक्षी दलका नेताहरूले गृहमन्त्री लेखकको राजीनामा दिन माग गर्दै आएकाबेला आफ्नै पार्टीका नेतालेसमेत उनलाई राजीनामा दिन आग्रह गरेका छन् ।

सत्ताको प्रमुख सहयात्री दल नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले गृहमन्त्री लेखकलाई नैतिकताको आधारमा राजीनामा दिएर छानबिनका लागि मार्ग



प्रशस्त गर्न सुझाव दिएका छन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन विभागमा देखिएको भिजिट भिसासम्बन्धी घटनाका सन्दर्भमा उठेको प्रश्नलाई लिएर मन्त्री लेखकको चौतर्फी आलोचना भइरहेको छ ।

पृष्ठ २ मा

कृषि उत्पादन बढाऔं ।

- खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
- जैविक मल र जैविक विषादीको प्रयोग बढाऔं,
- स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
- प्राङ्गारिक वस्तुको उत्पादन र उपभोगलाई प्रवर्द्धन गरौं,
- कृषि तथा पशुपन्छी पालनसम्बन्धी तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी होऔं,
- कृषि अनुदानको सही सदुपयोग गरौं,
- बाली तथा पशुपन्छीमा समस्या देखिए कृषि प्राविधिकसङ्ग सल्लाह सुझाव लिऊँ,

**कृषि पेशाको सम्मान गरौ,**
**कृषकलाई प्रोत्साहन गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# सधैं पीरमा रास्वपा

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १० जेठ ।

पार्टी स्थापना कालदेखि कानुनी झमेलाबाट सुरु भएको संसदको चौथो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वापा) स्थापनाकालमा जति उत्साह थियो, त्यसयता तनाव नै तनावमा गुज्रिरहेको छ । निर्वाचन आयोगमा दल दर्ताको निवेदन पेश गर्दा नै स्वतन्त्र भन्नेहरूले दलको नामका विषयमा विरोध जनाउँदै सर्वोच्च अदालतमा रिट हालेदेखि सुरु भएको रास्वपाको कानुनी झमेला र तनावले यतिबेला झनै ठुलो रूप लिएको हो ।

टेलिभिजन कार्यक्रम प्रस्तोताको भुमिकालाई छाडेर ७ असार २०७९ मा राजनीतिक दल खोल्ने निर्णय लिएका रवि लामिछाने नेतृत्वको रास्वपा सोही वर्ष १७ असारमा निर्वाचन आयोगमा अधिकारिक दर्ता भएको थियो ।

'दल दर्ताको निवेदन आयोगमा परेदेखि स्वतन्त्र रहेकाहरूले सो दलको नाममा विरोध जनाउँदै उक्त दलको विरुद्धमा सर्वोच्चमा रिट दर्ता भएको थियो', निर्वाचन आयोग नेपालका एक अधिकारीले भने 'तर, सर्वोच्चले सो रिटबारेमा सुनुवाइ नगरेपछि आयोगले दल दर्ता गरिदिएको हो ।' त्यसैबेलादेखि नै सो दलको चुनाव चिन्ह 'घण्टी' समेत अमेरिकाको एक स्वतन्त्र पार्टीको चुनाव चिन्हसँग मिल्दोजुल्दो भएको आरोप खेपेको थियो ।

पार्टी स्थापनाको ५ महिनामै भएको आम निर्वाचन २०७९ मा २० सीटसहित चौथो बनेको रास्वपा उपप्रधान तथा गृहमन्त्रीसहित ३ वटा मन्त्रालय लिर सरकारमा सहभागी भएको थियो । जनताको अभिमत सरकारमा जाने नभएपनि भागबण्डा खोजेर नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वका सरकारमा सहभागी भएको रास्वपामाथि एकाएक ठूलो बज्रपवात आइलाग्यो ।



## खाली रहेका पदपूर्ति गर्न सुझाव

रास्वपाले उपसभापति डीपी अर्याललाई कार्यबाहक तोकेपनि पार्टीका महत्वपूर्ण निर्णय लिनुपर्दा थुनामा रहेका सभापति लामिछानेलाई नै सोध्नु पर्ने अवस्थामा रहेको रास्वपामा यतिबेला आएर खाली रहेको नेतृत्वमा पदपूर्तिको आवाज उठ्न थालेको छ ।

शनिबार रास्वपाका नेता यज्ञमणि न्यौपानेले सर्वोच्च अदालतको आदेश अनुसार पार्टी सभापति लामिछाने अझै केही समय बाहिर आउने सम्भावना नहरेको भन्दै खाली भएका मुख्य पदमा पद पूर्ति गर्न सुझाव दिए । पार्टीका कार्यवाहक

पृष्ठ २ मा

उपप्रधान तथा गृहमन्त्रीसमेत रहेका पार्टी सभापति लामिछानेलाई दोहोरो नागरिकता प्रकरणमा सर्वोच्च अदालतको संवैधानिक इजलासले दोषी ठहर गर्दै १३ माघ २०७९ मा सांसद पद नै निलम्बन गरिदियो । विदेशी नागरिकता त्यागेपछि नेपाली नागरिकता पुनः लिने कानुनी प्रक्रिया पूरा नगरेकाले लामेछाने प्रतिनिधिसभा सदस्य (सांसद) को उम्मेदवार बन्न र त्यसरी निर्वाचित भएको पदमा बस्न अयोग्य हुने फैसला सर्वोच्च अदालतले गरेको थियो ।

लामिछानेको नागरिकता १० फागुन २०५० मा जारी भएको, ११ फागुन २०७० मा उनले अमेरिकी नागरिकता लिएको र २१ जेठ २०७१ मा नेपाल आएका थिए ।

अमेरिकी नागरिकता लिइसकेपछि पुरानो नागरिकताकै आधारमा १३ जेठ २०७३ मा नेपाली राहदानी लिएको पाइएको थियो । त्यस्तै ४ जेठ २०७४मा अमेरिकी नागरिकता त्यागका लागि भन्दै लामिछानेले नेपालस्थित अमेरिकी दूतावासमा निवेदन दिएका थिए ।

नागरिकता त्यागका लागि दिएको निवेदन र तिरेको शुल्कसहित उनले ६ जेठ २०७४ मा अध्यागमन कार्यालयलाई त्यसको निस्सा दिएका थिए । अध्यागमनमा निस्सा दिएको १ महिनाभन्दा पछि १४ असार २०७५ मा मात्रै दूतावासले उनको नागरिकता खारेज गरेकाले अमेरिकी नागरिकता खारेज भएपछि कुनै निस्सा नदिएका उनी नेपाली नागरिक नठहरिएको बताइएको छ । यो प्रकरणमा निकै विवादित बनेका लामिछानेले पुनः नेपाली नागरिकता लिएर उपनिर्वाचनमा चुनाव लडे ।

१० वैशाख २०८० मा भएको उपनिर्वाचनमा पुनः चितवन-२ बाटै भारी मतकासाथ लामिछाने विजयी हुँदा तनहुँ-१ बाट डा.स्वर्णिम वाग्ले निर्वाचित भए । उपनिर्वाचनमा १

पृष्ठ २ मा

# विभेदजन्य घटना उस्तै

## जातीय छुवाछूतका घटनामा १४ वर्षमा १७ जनाको हत्या

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १० जेठ ।

निमिष झा/मध्यान्ह
काठमाडौं, १० जेठ ।

जातीय भेदभाव तथा छुवाछूत (कसुर सजाय) ऐन, २०६८ लागू भएको १४ वर्ष पूरा भएको छ तर ऐन लागू भएको लामो समय बितिसक्दा पनि जातीय भेदभाव र छुवाछूतका घटनामा कमी आएको छैनन् ।

ऐन लागू भएपछि जातीय भेदभाव तथा छुवाछूतका घटनामा कमी आउनु पर्नेमा त्यसो नभएको दलित अधिकारकर्मीहरू बताउँछन् । कूल जनसंख्याको १४ प्रतिशत दलित समुदाय अहिले पनि विभेदको जीवन बाँचिरहेको उनीहरूको भनाइ छ । ऐन लागू भएको १४ वर्षमा १७ जनाको जातीय छुवाछुतै कारण हत्या पनि भएको छ । पानी, चुल्हो छोएको वा अन्तरजातीय विवाह गरेको निहुँमा १७ दलित समुदायका व्यक्तिको हत्या भएको छ भने धेरै सामाजिक बहिष्करणमा परेको समता फाउन्डेशनले जनाएको छ ।

ऐनअनुसार कसुर ठहरिएमा पीडितलाई २ लाख रुपैयाँसम्म क्षतिपूर्ति र कसुर गर्नेलाई ३ महिनादेखि ३ वर्षसम्म कैद तथा ५० हजारदेखि २ लाख रुपैयाँ जरिवाना हुने व्यवस्था छ । तर, छुवाछूतका घटना गाउँमै मिलापत्र गर्ने, प्रहरीले ऐनबारे जानकारी

पृष्ठ २ मा



> ऐन आएको १४ वर्ष भएपनि यसको प्रभावकारी कार्यान्वयनमा राज्य गम्भीर भएको छैन

**पर्शुराम रम्तेल**
नेता
नेकपा (माओवादी केन्द्र)



> जातीय भेदभाव तथा छुवाछूतकै कारण दलित समुदाय कुटिनुपरेको र समाजबाट विस्थापित हुनुपरेको घटना अहिले पनि भइरहेको छ ।

**रेम विश्वकर्मा**
पूर्वअध्यक्ष, जागरण मिडिया सेन्टर

### रोकिएन हत्या

फाउन्डेशनका अनुसार ऐन लागू भएपछि राजेश नेपाली (पर्वत), रूपमती कुमारी दास (मोरङ), नवराज विक (जाजरकोट), मनवीरे सुनार (कालीकोट), शिवशङ्कर दास (सप्तरी), सेते दमाई (दैलेख), झुमा विक (ताप्लेजुङ), सङ्गीता परियार (तनहुँ) र अस्मिता सार्की (झापा) को हत्या भएको छ । त्यस्तै, लक्ष्मी परियार (काभ्रे), अजित मिजार (काभ्रे), श्रेया सुनार (कास्की), मना सार्की (कालीकोट), दितीया रेष्मा रसाइली (धनुषा), माया विक (कैलाली), टीकाराम नेपाली (रुकुम) र अङ्गिरा पासी (रुपन्देही) को पनि हत्या भएको फाउन्डेशनका अध्यक्ष डा. मदन परियारले जानकारी दिए ।

**यस्तो छ संवैधानिक व्यवस्था**

संविधानको प्रस्तावनामै 'सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण

पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसियामा सेक्युरिटी गार्डको लागत १० हजार रिंगिट ?

**मध्यान्ह संवाददाता**
मलेसिया, १० जेठ

मलेसियामा भर्ना हुने आप्रवासी कामदारको अधिकारका पक्षमा सार्वजनिक टिप्पणी गर्दै आइरहेका बेलायती अधिकारकर्मी एण्डी हलले मलेसियामा सुरक्षा गार्डको काममा जाने नेपालीले १० हजार रिंगिटसम्म तिर्नु पर्ने बाध्यता सिर्जना गरिएको दाबी गरेका छन् ।

नेपाल र मलेसियाबीचको श्रम सम्झौता अनुसार निःशुल्क रूपमा जानुपर्ने कामदारको भर्ना लागतमा भएको लगानी 'अपारदर्शी र डरलाग्दो' रहेको भन्दै त्यसलाई अन्तर्राष्ट्रिय समुदाय, नेपाल तथा मलेसिया सरकारले बेवास्ता गर्न नहुने उनले बताएका छन ।

मलेसियाको 'फ्री मलेसिया टुडे' अनलाइनसँगको कुराकानीमा अधिकारकर्मी हलले सुरक्षागार्डको रोजगारीमा मलेसिया जाने नेपालीहरूले मलेसियाली सुरक्षा एजेन्टहरू, नेपाली म्यानपावर कम्पनी तथा उनीहरूका एजेन्ट लगायत भर्ना प्रक्रियामा संलग्न बिचौलियाहरूलाई शुल्क तिर्नु परेको दाबी गरेका छन् ।

हलले आर्थिक रूपमा कमजोर नेपाली कामदारहरूले एजेन्टहरूको शुल्क, उडान टिकट, चिकित्सा परीक्षण शुल्क, भिसा र बीमा लगायत नेपालमा हुने भर्ना तथा छनोट प्रक्रियाका शुल्कहरू तिरिरहेको समेत दाबी गरेका छन् । उनले सन् २०१८ मा मलेसिया र नेपाल सरकारबीच हस्ताक्षर गरिएको कामदार भर्ना सम्बन्धी सम्झौतामा सबै शुल्क कामदारहरूले नभई मलेसियाली रोजगारदाताहरूले बेहोर्नु पर्ने प्रावधान रहेको उल्लेख गर्दै नेपालमा संकलन गरिएको ठूलो रकम मलेसियाली सुरक्षा गार्डको माग प्राप्त गर्ने प्रतिस्पर्धामा खर्च भइरहेको पनि जिकिर गरेका छन् । उनले त्यसको लाभ मलेसियाली एजेन्टहरूले पाइरहेको बताएका छन् ।

उनले भनेका छन्, 'विगतमा नेपाली कामदारहरूले मलेसियाली सुरक्षा क्षेत्रमा काम गर्न ३८ सयदेखि ५ हजार रिंगिट खर्च गर्ने गरेका थिए भने अब त्यसका लागि ८ देखि १० हजार रिंगिट अर्थात् ३ लाख नेपाली रूपैयाँ भन्दा बढी नतिर्नु पर्नेछ ।

नेपाली सुरक्षा गार्डहरूको भर्ना लागतमा भएको अस्वभाविक वृद्धि मलेसियामा विदेशी कामदार भर्नाको अवस्था नियन्त्रण बाहिर रहेको अर्को संकेत हो । चर्को लागतले नेपाली सुरक्षा गार्डलाई मलेसियामा 'आधुनिक दास'को नयाँ समूह सिर्जना गर्ने र उनीहरूलाई ऋणको भार र शोषणको जोखिममा पार्ने छ ।

मलेसियामा अधिकांश गार्डले बढेको तलब समेत नपाएको, धेरैलाई अतिरिक्त काममा लगाइ कम तलब दिइएको, कागजात जफ्त गरिएका कारणले राजीनामा दिन नपाउने अवस्था सिर्जना गरि उनीहरूको आवागमनको स्वतन्त्रता सीमित गरिएको पनि उनको दाबी छ ।

मध्यान्ह
www.madhyanhadaily.com

११ जेठ २०८२ आइतबार
25 May 2025, Sunday

# ‘कांग्रेसकै लागि सच्चा त्याग र समर्पण गर्ने व्यक्तिहरू नगण्य छन्’

**काठमाडौं/मस–** नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले कांग्रेसकै लागि सच्चा त्याग र समर्पण गर्ने व्यक्तिहरु नगण्य रहेको बताएका छन्।

शनिबार नेपाली कांग्रेस स्याङ्जाका पूर्वसभापति स्व.खगेन्द्रराज रेग्मीको प्रथम स्मृति सभालाई काठमाडौंमा सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्। उनले स्व रेग्मी त्यागी र कुनै किसिमको लोभ लालच नभएको व्यक्ति रहेको बताए। पार्टीमा यस्ता व्यक्तिहरु धेरै कम रहेको उनको भनाइ छ। स्व. रेग्मीले हृदयबाटै समर्पित भएर कांग्रेस बढाउन र बनाउन लाग्नुभएको बताए।

सभापति देउवाले भने, ‘उहाँ अत्यन्तै त्यागी, कुनै किसिमको लोभ लालच नभएको व्यक्ति हो उहाँ। धेरै कम नेपाली काँग्रेसीहरु यस्ता छन्। सच्चा मानेमा नेपाली काँग्रेसको हृदयबाटै समर्पित भएर काँग्रेस बढाउन र बनाउन लागेका छन्। उहाँलाई पछि भेट्न पाइन मलाई दुःख लागिरहेको छ। उहाँ अत्यन्तै समर्पित साथी हो। त्यस्ता साथीहरु हाम्रो पार्टीमा नगण्य छन् भनेपनि हुन्छ।’

सभापति देउवाले स्व.रेग्मीको बारेमा लेखहरु लेखेर आम जनमानसमा उनको छविबारे उजागर गर्न जरुरी रहेको बताए।



कार्यक्रममा नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले राजनीतिमा त्याग गरेको कुराको मूल्य खोज्न नहुने बताए।

उनले राजनीतिमा के पाएँ, के गुमाएँ भनेर औंला गनेर हिसाव गरेर बस्न नमिल्ने उल्लेख गरे। उनले राजनीतिमा आफ्नो गन्तव्य, आफ्नो लक्ष्य हुने भन्दै लक्ष्य र गन्तव्य देश र जनताको लक्ष्य हुनुपर्ने बताए। पार्टीका सभापति शेरबहादुर देउवा राजनीतिक यात्राका क्रममा अटल खटेको परिणामतः पाँच पटक प्रधानमन्त्री बनिसक्नुभएको र अझै प्रधानमन्त्री बन्नसक्ने बताए। दुःख, अटल यात्राले सम्भावनाका ढोका खुल्दै जाने बताए।

‘राजनीतिमा के पाएँ, के गुमाएँ भनेर औंला गनेर हिसाव गरेर बस्ने होइन। राजनीतिमा आफ्नो गन्तव्य, आफ्नो लक्ष्य प्राप्तिका लागि काम गर्ने हो। आफ्नो लक्ष्य भनेको देश र जनताको लक्ष्य हो। लक्ष्य प्राप्तिको लागि अविरल अटल ढंगबाट अघि बढ्नुपर्छ। त्यो नै मैले गुरुबाट पाएको शिक्षा हो। हामी यो राजनीतिक यात्रामा को कहाँ रह्यौं। को कहाँ पुग्यौं, को कहाँ पुग्न सकेनौं त्यो तपशिलको विषय हो। राजनीतिमा मैले त्याग गरें, मैले के पाएँ भन्ने भाष्य खडा भएको छ, गलत हो। मैले त्याग गरें भनेपछि फेरि के पाएँ भन्ने हो? त्याग भनेको त्याग नै हो। त्यागको मूल्य हुँदैन। राजनीति यात्रा हो कहाँ पुगिन्छ थाहा हुँदैन, अविरल यात्रा गर्ने हो’ उपसभापति गुरुङले भने, ‘हाम्रो सभापतिज्यु, पूर्वप्रधानमन्त्रीज्यु, यो राजनीतिक यात्राको क्रममा अविरल ढंगबाट यात्र गर्दा उहाँले खप्नुभएको उत्तारचढाव व्याख्या गर्नुपर्दैन। त्यो उत्तारचढावलाई छिचोलेर अघि बढ्नुभएको छ। रिस गरेर हुन्छ, पाँच पटक प्रधानमन्त्री बन्नुभयो। भनेर हुन्छ, अझै बन्नसक्नुहुन्छ नि उहाँ। ६ पटक, सात पटक नि बन्न सक्नुहुन्छ। त्यो यात्रा हो नि त। त्यो दुःख, अटल यात्राले ढोका खुल्दै जाने हो।’ उपसभापति गुरुङले राजनीति अविरल यात्रा भएकाले राजनीतिमा आँधिबेरी चल्दा पनि त्यसलाई छिचौल्दै अघि बढ्न सक्नुपर्ने बताए।

## दाउन्ने सडकखण्ड दुईतर्फ संचालनमा

**विनोद निगम/मध्यान्ह**
नवलपरासी, १० जेठ



नवलपरासी बर्दघाट नगरपालिका-४, दाउन्ने जंगलस्थित खुर्सानी खोलामा पर्ने पूर्व-पश्चिम राजमार्ग खण्डको सडक संचालनमा आएको छ। शुक्रबार राति ११ बजे परेको अविरल वर्षाका कारण आएको बाढीले सडकको वैकल्पिक ड्राइभर्सन बाटो कटान भएको थियो।

करिब ६ देखि ७ मिटर भाग कटान गराएपछि राजमार्ग दुवैतर्फबाट अवरुद्ध भएको थियो। राजमार्ग अवरुद्ध भएपछि ईलाका प्रहरी कार्यालय बर्दघाटबाट प्रहरी निरीक्षक दिपेन्द्र बानियाँको कमान्डमा ट्राफिक प्रहरीसहित १५ जना सुरक्षाकर्मी सो स्थानमा खटिएका थिए। साथै, सडक डिभिजन कार्यालय, बुटवल र निर्माण कम्पनी चाइना कन्स्ट्रक्सनसँग समन्वय गरी तत्काल सडक मर्मत तथा पुनःस्थापना कार्य सुरू गरिएको थियो।

द्रुतगतिमा भइरहेको मर्मतकार्यपछि शनिबार बिहान ९ बजेबाट सवारीसाधनलाई एकतर्फी रूपमा संचालन गराइएको थियो। त्यसपछि थप सुधार तथा संरक्षण कार्यहरू सम्पन्न गरी दिउँसो २ बजेबाट दुईतर्फी रूपमा सवारी आवागमन सुचारु गरिएको हो।

राजमार्गमा दुवैतर्फ सवारी आवत-जावत सामान्य रूपमा भइरहेको प्रहरीले जानकारी दिएको छ। घटनास्थलमा थप जोखिम हुन नदिनका लागि स्थायी संरचना निर्माणको तयारी भइरहेको र सडक विभागले आवश्यक प्राविधिक मूल्यांकन अघि बढाइरहेको छ।

यस अवरोधले रातभर पूर्व-पश्चिम आवागमन गर्ने सवार ीसाधन रोकिएको थियो, जसका कारण यात्रुहरूलाई निकै असहज भएको थियो। विशेष गरी मध्यरातमा बाटो अवरुद्ध हुँदा लामो दूरीका यात्रु तथा एम्बुलेन्स सेवामा असर परेको थियो। सम्बद्ध निकायले नागरिकहरूलाई वर्षायाममा जोखिमयुक्त स्थानमा विशेष सावधानी अपनाउन आग्रह गरेका छन्।

## अनलाइन पत्रकार महासंघको अध्यक्षमा सत्याल



**काठमाडौं/मस–**नेपाल पत्रकार महासंघको एसोसिएट संस्था अनलाइन पत्रकार संघ, नेपालको अध्यक्षमा शिवप्रसाद सत्याल निर्विरोध निर्वाचित भएका छन्। शनिबार सम्पन्न संघको १४औं वार्षिक साधारणसभाबाट वडापालिकामा आवद्ध सत्यालको अध्यक्षतामा सात सदस्यीय कार्यसमिति निर्विरोध निर्वाचित भएको हो। संघको उपाध्यक्षमा उकेरा डटकमकी प्रजु पन्त, सचिवमा विकासन्युजका सन्तोष रोकाया, कोषाध्यक्षमा इक्विटी नेपालका निर्दोष घोरसाइने साथै सदस्यहरुमा बाह्रखरीका कृष्ण लोत्थ्याल, कान्तिपुरकी पुष्पा केसी र हिमवतखण्ड डटकमका श्रीकृष्ण धिमाल चयन भएका छन्। संघको १४औं साधारणसभामा संस्थापक अध्यक्ष केपी ढुंगाना नेतृत्वको निर्वाचन समितिले निर्विरोध निर्वाचित भएको नयाँ कार्यसमितिको घोषणा गरेको हो। कार्यक्रमको प्रमुख अतिथि नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहाल थिए।

### राजीनामाका...

भिजिट भिसामा विभिन्न मुलुक पठाउन दैनिक ५० लाख रुपैयाँसम्म उठाएको घटनाले राजनीतिक बजार निकै तातेको छ।

यसै सन्दर्भलाई लिएर कांग्रेस नेता डा. कोइरालाले शनिबार विराटनगर विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै अध्यागमन विभागमा भएको भ्रष्टाचारका विषयमा कुरा उठिसकेपछि नैतिकताको आधारमा गृहमन्त्रीले राजीनामा दिनु उपयुक्त हुने उनले सुझाव दिएका हुन्।

कोइरालाले विगतमा पनि केही मन्त्रीहरूले राजीनामा दिएर छानबिनमा सघाएको र मन्त्री लेखकले राजीनामा दिँदा उनकै नैतिकतामा सघाउ पुग्ने बताए। लोकतन्त्रलाई मुख्य लक्ष्य बनाउने राजनीतिक दलहरू र सरकारले जनताका पक्षमा काम गर्न उनले सुझाव दिए।

त्यस्तै प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)का नेता तथा पूर्वमन्त्री सुदन किरातीले पनि गृहमन्त्री लेखकलाई पदबाट राजीनामा दिन आग्रह गरेका छन्।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै भइरहेको भनिएको मानव तस्करी प्रकरणमा जोडिएको भन्दै किरातीले गृहमन्त्री लेखकको राजीनामा मागेका हुन्। उता राष्टिय स्वतन्त्र पार्टीले पनि गृहमन्त्रीले राजीनामा दिनुपर्ने धारण सार्वजनिक गरेको छ।

तर, गृहमन्त्री लेखकले भने आर्थिक अनियमितता गरेको भए राजनीतिक जीवनबाटै राजीनामा दिने प्रतिक्रिया दिएका छन्। कुनै पनि कर्मचारीमाथि अनुसन्धान सुरु भएको भन्दैमा समग्र मन्त्रालय नेतृत्व वा मन्त्रीहरूले राजीनामा दिनुपर्ने संस्कृति स्थापित गर्नु असम्भव रहेको उनको भनाइ छ।

‘यदि मेरो सार्वजनिक वा राजनीतिक जीवनमा मैले आर्थिक अनियमितता गरेको प्रमाणित भयो भने म पदबाट मात्र होइन, राजनीतिबाटै राजीनामा दिन तयार छु,’ मन्त्री लेखकले भने। उनले १३ जेठमा बस्ने प्रतिनिधिसभा बैठकमा विस्तृत धारणा राख्न समय माग गरेको पनि बताएका छन्।

### सधैं...

सीट थपिएर २१ पुगेको रास्वपा फेरि सरकारमा गयो।

दोस्रो पटक पनि पुनः उपप्रधान एवम् गृहमन्त्री बनेका लामिछानेमाथि सहकारी ठगीसम्बन्धी प्रकरणमा छानबिनका क्रममा २०८१ २ कात्तिकमा पक्राउ परे। सम्पत्ति शुद्धीकरण, सहकारी ठगी र संगठित अपराधमा मुद्दा दायर गरिएका लामिछानेलाई अहिले पुर्पक्षका लागि थुनामा छन्। २२ चैतमा उच्च अदालत तुलसीपुरको बुटवल इजलासले लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउन दिएको आदेश खारेजीको माग गर्दै उनकी पत्नी निकीता पौडेलले दायर गरेको बन्दीप्रत्यक्षीकरणको निवेदन सर्वोच्च अदालतले शुक्रबार खारेज गर्दै उनलाई थुनामा राख्ने आदेश सदर गरेको छ।

यसबीचमा पार्टीभित्र निकै खैलाबैला नै भएको छ। पार्टीका संस्थापक महामन्त्री मुकुल ढकालले १ वर्ष अघि मात्रै देशव्यापी पार्टीको अवस्थाका बारेमा जिल्ला जिल्ला पुगेर तयार पारेको प्रतिवेदनलाई पार्टीले स्वीकार नगरेपछि तनावको स्थिति सृजना भएको थियो। पार्टीमा आफ्ना कुरा सुनुवाई नभएको र पार्टीभित्र बोल्न समेत नदिइएको भन्दै तत्कालीन महामन्त्री ढकालले मुखमा टेप लगाएर बैठकमा सहभागी भए। त्यसपछि पार्टीले उनलाई स्पष्टीकरण सोध्दै साधारण सदस्यबाट समेत हटाउनु पऱ्यो। पार्टी दोस्रो पटक सरकारमा जादा सांसद ढाकाकुमार श्रेष्ठले मेडिकल व्यवसायी दुर्गा प्रसाईसँग आफू स्वास्थ्य बन्न ३ करोड रुपैयाँ पार्टीलाई बुझाउनुपर्ने भन्दै सहयोग मागेको अडियो सार्वजनिक भएसँगै रास्वपाको अविश्वासको खाडल बढ्दै गएको रास्वपाकै नेताहरूले स्वीकार गर्दै आएका छन्।

त्यस्तै सामाजिक सञ्जालमा अश्लिल गाली बेइज्जती र टीक्का टिप्पणी गर्ने पार्टी केन्द्रीय सदस्य ज्वाला संग्रौलालाई साइबर अपराधको उजुरी परेपछि प्रहरी हिरासतमा परेकी थिइन्। त्यो बाहेक कतिपय केन्द्रीय समिति र प्रदेश समितिमा रहेका रास्वपाका नेताहरूमाथि पार्टीले बोल्न नदिने र सामाजिक सञ्जालमार्फत् पार्टीका गतिविधिलाई टिप्पणी गर्नेगरी लेखेको वा बोलेकौ भरमा निष्काशन समेत गर्दै आएको छ। यसले रास्वपामा अभिव्यक्ति स्वतन्त्रताको ठाउँ नरहेको देखाएको रास्वपाका एक केन्द्रीय सदस्यले बताए।

गत निर्वाचनबाट उदाएको रास्वपाले नैराश्यताकाबीचमा बरालिइरहेको नेपालको राजनीतिमा नयाँ आयामको सुरुवात गर्न खोजेपनि विस्तारै पुरानै दलहरूकोबाटोमा लागेर विग्रीएको राजनीतिक विश्लेषक विष्णु पन्थी बताउँछन्।

पन्थीले मध्यान्हसँग भने ‘सुरुमा वैकल्पिक राजनीतिक शक्तिको झल्को दिन खोजेपनि रास्वपाका सभापति लामिछाने नै सहकारी ठगी प्रकरणमा देखिएका र उनलाई बचाउन सो दलका अरू नेताहरूले समेत निरन्तर वकालत गरिरहेकाले रास्वपा पनि पुराना भन्दा फरक देखिएन। यो दल पनि भागबण्डामै सत्ता र शक्तिको खेलमा केन्द्रित भएकाले जनताले आशा गर्ने ठाउ राखेन।’

आफूलाई वैकल्पिक शक्तिका रूपमा स्थापित गर्ने जमर्को गरेको रास्वपालाई अहिले कानुनी झमेला मात्र नभई नैतिक प्रश्नले समेत घेरेको छ। सहकारी ठगी प्रकरणमा पुर्पक्षका लागि थुनामा रहेका सभापति लामिछाने आफैले नैतिकताका आधारमा पार्टी सभापतिको जिम्मेवारीसहित साधारण सदस्यबाट समेत राजीनामा दिनु राजनीतिक वृत्तमा चर्चा छ। शनिबार बसेको रास्वपाको बैठकले समेत अदालतबाट न्याय पाइन्छ भन्ने जनविश्वास कमजोर रहेको निष्कर्ष निकाल्दै आफ्नो पार्टीको चिन्ता व्यक्त गरेको छ। तर, उनी थुनामा रहेरै पार्टीको नेतृत्व गरिरहेका छन्।

### खाली...

सभापति अर्याल र उपसभापति स्वर्णिम वाग्लेलाई सुझाव पत्र पठाउँदै उनले रिक्त रहेको महामन्त्री, सहमहामन्त्रीका साथै केन्द्रीय सदस्य पदहरूको पनि पूर्ति गर्न भनेका छन्। साथै संसदीय दलको नेता चयन गर्ने, सम्पूर्ण विभाग तथा समितिलाई पूर्णता दिने, शुभेच्छुक संगठनका सबै निकायमा अविलम्ब निर्माण गर्ने र ती शुभेच्छुक संगठनहरू भातृ संगठनको रूपमा नरही स्वायत्त प्रकृतिका रहने, २०७९ सालमा प्रतिनिधिसभाको निर्वाचन लडेका उम्मेदवारहरूलाई प्राथमिकताका साथ उचित प्रतिनिधित्व गराउन पनि उनले माग गरेका छन्।

अहिले रास्वपामा सभापति लामिछाने कारागार चलान भएपछि उपसभापति अर्याल कार्यबाहक सभापति छन्, उनको पद खाली छ। एक जना महिला उपाध्यक्ष पनि खाली छ। मुकुल ढकालले छोडेपछि महामन्त्री र सुमना श्रेष्ठले राजीनामा दिएपछि एउटा सहमहामन्त्री पद पनि खाली छ। पार्टीको सहमहामन्त्रीबाट राजीनामा दिएकी सुमना श्रेष्ठको सहमहामन्त्री पदबाट दिएको राजीनामा समेत लामिछानेकै निर्देशन बमोजिम रोकिएको थियो।

### विभेदजन्य...

नभएको भन्दै उजुरी लिन आनाकानी गर्ने र उजुरी दर्ता भए पनि पीडककै पक्षमा फैसला हुने गरेको अध्यक्ष परियार बताउँछन्। अन्तरजातीय विवाहका कारण धेरै जोडी र दलित परिवार विस्थापित भएका घटना पनि उस्तै छ।

१० जेठ २०६८ मा व्यवस्थापिका-संसद्ले जातीय भेदभाव तथा छुवाछूत (कसुर सजाय) ऐन सर्वसम्मतिबाट पारित गरेको थियो। सो ऐनमा व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, वंश, समुदाय तथा पेशाका आधारमा भेदभाव र छुवाछूत गर्न नपाइने उल्लेख छ ऐन पारित भएलगत्तै दैलेखको तोली गाउँ-२ धनीगाउँका सन्तबहादुर दमाई र राजकुमारी शाहीबीच प्रेमविवाह भएको निहुँमा राजकुमारीको माइतीपक्षले १४ भदौ २०६८ मा सन्तबहादुरका बाबु सेतेमाथि आक्रमण गरी हत्या गरेको थियो।

नेकपा (माओवादी केन्द्र) का नेता पर्शुराम रस्तेलले ऐन प्रभावकारी कार्यान्वयनमा राज्य गम्भीर नभएको टिप्पणी गर्छन्। ‘संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा देश छ। सामाजिक न्यायमा आधारित समाज निर्माणसँगै देशलाई आर्थिक विकासको बाटोमा अगाडि बढाउने भनिएको छ। तर कूल जनसंख्याको १४ प्रतिशत दलित समुदाय अहिले पनि विभेदको जीवन बाँचिरहेको छ,’ उनले भने।

दलित अधिकारकर्मीहरूले छुवाछूत र जातीय भेदभाव पूर्णरूपमा अन्त्य गर्न ऐनको व्यावहारिक कार्यान्वयन आवश्यक रहेको बताउँछन्। जातीय भेदभाव तथा छुवाछूतकै कारण दलित समुदाय कुटिनुपरेको र समाजबाट विस्थापित हुनुपरेको घटनाका बारेमा उजुरी दिँदासमेत प्रहरी प्रशासनले उजुरी लिन आनाकानी गरेको जागरण मिडिया सेन्टरका पूर्व अध्यक्ष रेम विश्वकर्माको भनाइ छ। उनले भने, ‘पहिलो, छुवाछूतको मुद्दा दर्ता गर्नै नमान्ने दोस्रो, यदि मुद्दा दर्ता गरे पनि फैसला गैरदलित पीडकको पक्षमा नै गर्ने गरिन्छ। अझै सरकारको उच्चपदमा बस्ने व्यक्ति (कानून कार्यान्वयन गर्ने व्यक्ति)ले नै जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐनबारे अनभिज्ञता प्रकट गर्दै आएको पाइएको छ।’

नेपाल दलित महिला उत्थान संघ (एड्वान) की अध्यक्ष बिन्दु परियारले २१औं शताब्दीमा पनि जातीय भेदभाव तथा छुवाछूतका कारण दलित समुदायले अमानवीय व्यवहार भोग्नुपर्ने अवस्था सिर्जना हुनु विडम्बनाको विषय भएको टिप्पणी गर्छिन्। संविधान, ऐन/कानुन, नीति नियम विपरीत देशैभरि दलित समुदायमाथि विभेदका घटना बढ्दै जानु दुःखको कुरा भएको उनको भनाइ छ।

**कालो दिवस**

रुकुमको सोती हत्याकाण्ड सम्झिँदै दलितका लागि दलित अभियान नेपालले काठमाडौंमा शनिबार प्रदर्शन गरेको छ। जातीय हिंसाविरुद्ध भन्दै उनीहरूले जनप्रदर्शन गरेका हुन्।

शनिबार आयोजित सो ऱ्याली माइतीघरदेखि बबरमहल आयोजना गरिएको थियो। ६ जनाको हत्या भएको दिन १० जेठलाई उनीहरूले कालो दिनको रूपमा मनाउने बताएका छन्।

रुकुमको सोतीमा नवराजसहित २० वर्षीय टीकाराम नेपाली, १९ वर्षीय गणेश बुढा, १८ वर्षीय लोकेन्द्र सुनार, २० वर्षीय सञ्जु विक र १७ वर्षीय गोविन्द शाहीको हत्या भएको थियो। घटनामा २३ जना प्रतिवादीले जन्मकैद सजाय भुक्तान गरिरहेका छन्।

१० जेठ २०७७ मा जाजरकोट भेरी नगरपालिका-४ रानागाउँका २१ वर्षीय नवराज विक आफ्ना साथीहरू लिएर मल्ल थरकी प्रेमिकालाई भगाएर बिहे गर्न सोतीगाउँ पुगेका थिए। त्यहीबेला उनीहरूमाथि सोती गाउँका स्थानीयले योजनाबद्ध आक्रमण गर्दा नवराजसहित ६ युवकको ज्यान गएको थियो।

### रोकिएन...

गर्ने’ भनिए पनि जातीय भेदभाव तथा छुवाछूतका घटनाहरु देशैभरि भइरहेका छन्। वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टीका संयोजक विश्वभक्त दुलाल ‘आहुति’ ले दलित समुदायको आर्थिक र सामाजिक अवस्थामा सुधार नआएसम्म उनीहरुले भोग्दै आएको जातीय भेदभाव तथा छुवाछूतको समस्या समाधान हुन नसक्ने बताए।

छुवाछूत मात्रै नभएर दलित समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिकलगायत समग्र समस्यालाई एकमुष्ट समाधान गर्नुपर्ने संयोजक ‘आहुति’ को सुझाव छ।

नेपालको संविधान २०७२ को धारा २४ ‘छुवाछूत तथा भेदभावविरुद्धको हक’ (१) मा ‘कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिनेछैन’ भनिएको छ। यस्तै, संविधानको धारा २४ (३) मा ‘उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्साउने, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइनेछैन’ भनिएको छ। तर यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। संविधानको धारा ४० मा ‘दलितको हक’ को व्यवस्था गरिएको छ।

संविधानको धारा ४२ (१) र राज्यको निर्देशक सिद्धान्तमा समानुपातिक समावेशी सिद्धान्तलाई संस्थागत गर्ने भनिएको छ। तर संविधानको यो मूल भावना पछिल्लो पटकको प्रतिनिधिसभाको निर्वाचनमा लागू हुन सकेन। अहिले प्रतिनिधि सभामा समानुपातिकबाट निर्वाचित १५ जना र प्रत्यक्षमा १ जना गरी जम्मा १६ जना सांसद दलित समुदायबाट हुनुहुन्छ। यो भनेको जम्मा ५.८१ प्रतिशत हुन आउँछ।


# शे-फोक्सुण्डो गाउँपालिका

ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྐྱོང་ཁྲབ་ལྷན་ཁང་།

## गाउँ कार्यपालिकाको कार्यालय

सल्दाङ, डोल्पा
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८२/०२/११**

यस कार्यालयबाट मिति २०८२/०१/०८ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचनाहरू बमोजिम तपसिलमा उल्लेखित कार्य विवरणसँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आह्वान गरिएकोमा निर्धारित समयभित्र विद्युतीय प्रणालीमा पेश हुन आएका बोलपत्रहरू मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताहरूको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही भइ मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भइ आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम ऐ. ऐनको दफा ४७ को प्रयोजनार्थ ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.सं. | बोलपत्र/ठेक्का/ प्याकेज नं. | आयोजनाको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर. सहित) |
|---|---|---|---|---|
| 1 | SPRM/NCB/DOP/WORKS /2081-082-18 | Suligad Dekhi She Phoksundo Sammako Padmarga Starunati Tatha Saudarnikaran Garne Yojana | OB Nirman Sewa Tripurasundari Municipality, Dolpa | 40,06,878.06 |

प्रमुख प्रशासकीय अधिकृत

# किमोथेरापी निःशुल्क गर्ने तयारीमा छौं : स्वास्थ्यमन्त्री




**विराटनगर/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले क्यान्सरका बिरामीहरूका लागि किमोथेरापी (किमो) सेवा निःशुल्क उपलब्ध गराउने तयारी भइरहेको बताएका छन् । मोरङको धनपालथान गाउँपालिकास्थितमा शनिबार आयोजित वृहत् स्वास्थ्य शिविरको उद्घाटन गर्दै मन्त्री पौडेलले उक्त घोषणा गरेका हुन् ।

मन्त्री पौडेलले सरकारी स्वास्थ्य संस्थाबाट मात्रै सबै नागरिकलाई गुणस्तरीय सेवा दिन सम्भव नहुने भन्दै यसका लागि निजी क्षेत्र र विभिन्न संघसंस्थाहरूको सहकार्य र सहयोग अपरिहार्य रहेकोमा जोड दिए । 'स्वास्थ्य सेवामा व्याप्त बेथिति अन्त्य गरी आम जनताले सुलभ र सरल रूपमा सेवा पाउने सुनिश्चितता भए मात्र लोकतन्त्रको वास्तविक अनुभूति गर्न सकिन्छ,' मन्त्री पौडेलले भने, 'यसका लागि स्वास्थ्य क्षेत्रमा थप लगानी र पूर्वाधार विस्तार आवश्यक छ ।'

विराटनगरस्थित शैलजा आचार्य हृदय रोग केन्द्र सञ्चालनमा देखिएको कठिनाइबारे बोल्दै मन्त्री पौडेलले प्रदेश सरकारले केन्द्रलाई २ वर्षका लागि मात्र हस्तान्तरण गरेकाले शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रमार्फत पूर्ण क्षमतामा सञ्चालन गर्न समस्या भएको बताए । उनले कि त प्रदेश सरकारले नै केन्द्रको जिम्मेवारी लिनुपर्ने (जसमा संघीय सरकारले सहयोग गर्ने) वा पूर्ण रूपमा गंगालाललाई हस्तान्तरण गर्नुपर्ने विकल्प अघि सारे । साथै, मन्त्री पौडेलले स्वास्थ्य बीमाको दायरा फराकिलो पारेर सबै प्रकारका स्वास्थ्य उपचारलाई यसभित्र समेट्ने व्यवस्था मिलाउन आवश्यक रहेको बताए । गणेशमान फाउण्डेशन र लायन्स क्लब अफ विराटनगरद्वारा शिविर आयोजना भएको हो । शिविरमा विशेषज्ञ चिकित्सकसहित ५० जना स्वास्थ्यकर्मीको टोलीले स्वास्थ्य परीक्षण तथा निःशुल्क औषधि वितरण गरेको आयोजकले जनाएको छ ।

# 'हिन्दु राष्ट्र र संवैधानिक राजसंस्थाबारे जनमत संग्रह हुनुपर्छ'



**काठमाडौं/मस–** नेपाली कांग्रेसका नेता डा.शेखर कोइरालाले गृहमन्त्री रमेश लेखकलाई नैतिकताको आधारमा राजीनामा दिएर छानबिनका लागि मार्ग प्रशस्त गर्न सुझाव दिएका छन् ।

विराटनगरमा शनिबार विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै नेता कोइरालाले अध्यागमन विभागमा भएको भ्रष्टाचारका विषयमा कुरा उठिसकेपछि नैतिकताको आधारमा गृहमन्त्रीले राजीनामा दिनु उपयुक्त हुने उनको सुझाव छ ।उनले विगतमा पनि केही मन्त्रीहरूले राजीनामा दिएर छानबिनमा सघाएको र मन्त्री लेखकले राजीनामा दिँदा उनकै नैतिकता सघाउ पुग्ने बताए ।

नेता कोइरालाले संवैधानिक निकायहरू सचिवहरूको रिटायरमेण्ट क्लब जस्तो बनेकाले कर्मचारीहरूको लागि कुलिङ पिरियड अत्यावश्यक रहेको उल्लेख गरे । लोकतन्त्रलाई मुख्य लक्ष्य बनाउने राजनीतिक दलहरूले जनमत संग्रहबाट डराउन नहुने जिकिर गरे । उनले कांग्रेस, एमाले र माओवादी एकजुट भएर हिन्दु राष्ट्र र संवैधानिक राजसंस्था बारे जनमत संग्रह गराउन सक्नुपर्ने बताए ।

उनले लोकतन्त्रलाई मुख्य लक्ष्य बनाउने राजनीतिक दलहरूले जनमत संग्रहबाट डराउन नहुने जिकिर गरे । त्यस्तै नेता कोइरालाले २०८२ सालको मंसिरमा नै नेपाली कांग्रेसको महाधिवेशन हुनुपर्ने आफ्नो अडान कायम रहेको र कार्यकर्ताहरूलाई महाधिवेशनका लागि दबाब दिन आग्रह समेत गरे ।

# प्रदेशसभा अधिवेशनबारे सर्वदलीय छलफल



**धनगढी/मस–** सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले बजेट अधिवेशनको पूर्व सन्ध्यामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रमुख दलसँग छलफल गरेका छन् ।

शाहले शनिबार सर्वदलीय बैठक बोलाउदै प्रदेश सभाका सत्ता र प्रतिपक्ष दलबीच छलफल गरेका हुन् । आइतबारदेखि प्रदेश सभाको बजेट अधिवेशन सुरु हुँदैछ ।

बैठकमा सत्तारुढ र प्रमुख प्रतिपक्षी दलका नेताहरूको उपस्थिति थियो । बैठकमा आगामी अधिवेशन नियमित सञ्चालन, नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने विषयमा छलफल भएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ ।

मुखयमन्त्री शाहले सहभागी दलका नेताहरूसँग संसदलाई प्रभावकारी बनाउने र नागरिकका समस्याहरू समाधानमा केन्द्रित रहने गरी परिणाममुखी कार्य सम्पादनमा सरकार प्रतिबद्ध रहेको बताए । उनले चालु आर्थिक वर्षमा देखिएका समस्या सुधार गर्दै विकास खर्चलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरकार प्रयत्नशील रहेको उल्लेख गरे ।

प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखले जेठ ११ गतेदेखि प्रदेश सभाको अधिवेशन आह्वान गरेका छन् ।

प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रसहित विपक्षी दलको लगातारको अवरोधपछि सरकारको सिफारिसमा प्रदेश प्रमुखले २५ चैतमा प्रदेश सभाको पाँचौ अधिवेशन अन्त्य गरेका थिए । सरकारले जथाभावी नियुक्ति गरेर राज्यमाथि व्ययभार बढाएको, सुशासनको नारा लगाउँदै आएपनि आर्थिक अनियमित खर्च गर्दै आएको जस्ता आरोप लगाएर प्रतिपक्षी दलहरूले प्रदेश सभामा अवरोध गर्दै आएका थिए ।

शनिबारको सर्वदलीय बैठकमा सहभागी माओवादी केन्द्रका उपनेता अक्कलबहादुर रावलले सरकार आफूहरूका माग, मुद्दा सम्बोधन गर्न सकारात्मक नदेखिएको बताउँदै बजेट अधिवेशनमा अवरोध कायमै राख्ने कि सहज रूपमा बैठक अघि बढाउने विषयमा आन्तरिक परामर्श भइरहेको बताए ।

# राष्ट्रियसभा सदस्यहरू आ–आफ्नो निर्वाचन क्षेत्रमा



**काठमाडौं/मस–** ११ र १२ जेठमा ७ वटै प्रदेशमा आयोजना हुने 'सङ्घीयता सबलीकरणमा राष्ट्रियसभाको जिम्मेवारी, प्रदेश र स्थानीय तहसँग समन्वय र साझेदारी' विषयमा आयोजना हुने छलफलमा भाग लिन राष्ट्रियसभा सदस्यहरु आ-आफ्ना प्रदेशतर्फ प्रस्थान गरेका छन् ।छलफलमा सङ्घीयता कार्यान्वयन, वित्तीय संघीयता, सार्वजनिक सेवा र विकासका बारेमा विचारविमर्श हुने संसद् सचिवालयले जनाएको छ ।

कोशी प्रदेशमा हुने छलफलको संयोजन कृष्णप्रसाद सिटौला, मधेशमा मोहम्मद खालिद र बागमती प्रदेशमा गंगाकुमारी बेलबासेले गर्नेछन् ।

यसैगरी, गण्डकी प्रदेशका लागि कमलादेवी पन्त, लुम्बिनीका लागि गोपाल भट्टराई, कर्णालीमा मायाप्रसाद शर्मा र सुदूरपश्चिम प्रदेशका लागि मदनकुमारी शाहलाई संयोजकको जिम्मेवारी तोकिएको सचिवालयले शनिबार जारी गरेको विज्ञप्तिमा जनाइएको छ । सम्बन्धित प्रदेशबाट निर्वाचित राष्ट्रियसभाका सबै सदस्य छलफलमा सहभागी हुनेछन् । राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाल बागमती र उपाध्यक्ष विमला घिमिरे लुम्बिनी प्रदेशको छलफल तथा मनोनित सदस्य अञ्जान शाक्य कर्णाली प्रदेशको कार्यक्रममा सहभागी हुने जनाइएको छ ।

# यार्सागुम्बा संकलनको क्रममा सीमा विवाद हुँदा झडप

## २ राउन्ड हवाई फायर



**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, १० जेठ

रुकुमपूर्व र डोल्पाका नागरिकबीच सीमा विवाद चर्किएपछि यार्सागुम्बा संकलनको क्रममा झडप भएको छ । रुकुमपूर्वको पुथाउत्तरगंगा गाउँपालिका र डोल्पाको काइके गाउँपालिका तथा ठूली भेरी नगरपालिकाका स्थानीयहरूबीच थाङे लेक क्षेत्रमा विवाद चुलिँदा झडप भएको हो । झडप नियन्त्रणका लागि सशस्त्र प्रहरीले हवाई फायर गरेको थियो । सशस्त्र प्रहरी बल नेपाल नम्बर ४६ गुल्म डोल्पाबाट खटिएको टोलीले स्थिति नियन्त्रण बाहिर जान नदिन दुई राउन्ड हवाई फायर गरेको जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रहरी निरीक्षक मनिस थापाले जानकारी दिए ।

यार्सागुम्बा संकलनको सिजन सुरू भएसँगै सीमावर्ती क्षेत्रमा दोहोरिने विवादले गर्दा झडप भएको प्रहरी थापाले बताए ।

स्थानीय सरकार र सम्बन्धित निकायको बेवास्ताका कारण सीमाङ्कन नटुंगिएको र यार्सा जस्तो बहुमूल्य वन उत्पादको स्वामित्वको विषयलाई लिएर दुवै जिल्लाका बासिन्दाबीच झडप दोहोरिएको यार्सा संकलन गर्न गएका रुकुमपूर्वका एक स्थानीयले बताए ।

# दिनरात नभनी फिल्डमा खटिन्छन् डिभिजन प्रमुख न्यौपाने

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
नवलपरासी, १० जेठ




पश्चिम नवलपरासीमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय स्थापना भएको एक वर्ष नपुग्दै धेरै खानेपानी समस्याहरु समाधान भएका छन् ।

जसले स्थानीयहरु खुसी भएका छन् । लुम्बिनी प्रदेश सरकार खानेपानी तथा शहरी विकास मन्त्रालयले गत भदौमा डिभिजन कार्यालय स्थापना गरी कार्यालय प्रमुखको रुपमा प्रकाश न्यौपानेलाई पठाएको थियो ।

स्थानीयका अनुसार जिल्लामा नै खानेपानी तथा सरसफाई डिभिजन कार्यालय स्थापना भएपछि जिल्लाबासीलाई अहिले सेवा लिन निकै सहज भएको छ । त्यहाँका स्थानीय नागरिकहरुको मर्कालाई बुझेर शहरी विकास खानेपानीमन्त्री सरोज थापाको निर्देशनमा कार्यालय स्थापना गरिएपछि अहिले त्यहाँका नागरिकलाई खानेपानी सम्बन्धी समस्या बोकेर जिल्ला बाहिर र मन्त्रालय जानुपर्ने बाध्यता हटेको छ ।

जनताको गुनासो सुन्ने र दैनिक फिल्डमा पुगेर सेवा दिने नागरिकलाई स्वच्छ खानेपानी खुवाउनुपर्छ भन्ने उद्देश्यले अहोरात्र खटिने डिभिजन प्रमुख न्यौपानेको खटाइका कारण नवलपरासीमा खानेपानी डिभिजन कार्यालयले १ वर्ष नहुँदै उल्लेखनीय काम गर्न सफल भएको हो । धेरै योजनाहरु निर्माणाधिन छन् भने केही योजनाहरु बजेट अभावका कारण समस्यामा परेका छन् ।

# १० महिनामा ८ हजार बढी विपद्का घटना



**काठमाडौं/मस–**पछिल्लो १० महिनामा औसतमा दैनिक २७ वटा विपद्का घटना घटेका छन् । ती घटनामा मृत्यु भएका ५८९ जनाको शव व्यवस्थापन गरिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले जानकारी दिए । उनका अनुसार गएको मनसुनमा धेरै विपद्जन्य घटना घटेको र मानवीय क्षतिसमेत भएको थियो । प्रवक्ता थापाले १० महिनामा विपद्का आठ हजार २८३ घटना घटेको बताए । ती घटनाहरूमा परेर एक हजार ५१८ घाइते भएका छन् । कूल ३२ परिवार विस्थापित भएको उनले बताए ।

ती विपद्जन्य घटनाहरूमा ५३ हजार प्रहरी जनशक्ति परिचालन गरी खोजतलास, उद्धार, राहत तथा सुरक्षित स्थानान्तरण गरिएको प्रहरीले जनाएको छ । मनसुन प्रवेशको सँघारमा रहेकाले विपद् प्रतिकार्यका लागि प्रहरीले योजना निर्माण गरी आवश्यक तयारी गरिरहेको प्रवक्ता थापाको भनाइ छ ।

केन्द्रमा विपद् व्यवस्थापन कार्यालय रहेको र सबै प्रदेशमा विपद् व्यवस्थापन गुल्ममार्फत टोली परिचालन हुने जनाइएको छ । जिल्लामा आवश्यकताका आधारमा विपद् व्यवस्थापन टोली परिचालन हुने प्रहरीले जनाएको छ ।

जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुनमा सरदर भन्दा बढी वर्षा हुने आँकलन सार्वजनिक गरिसकेकाले प्रभावकारी विपद् व्यवस्थापन अघि बढाउन आवश्यक भएको र सोहीअनुसार तयारी भइरहेको प्रहरी प्रधान कार्यालयले जानकारी दिएको छ ।


## Palata Rural Municipality
## Office of the Rural Municipal Executive
**Palata, Kalikot**
**Karnali Province, Nepal**

## Invitation of Bids

**First Date of Publication: 2082/02/11 (25/05/2025)**

(a) The Palata Rural Municipality, Office of the Rural Municipal Executive, Palata, Kalikot intends to apply part of the funds to cover eligible payments under the Contracts stated below. And Bidding is open to all eligible Nepalese Bidders for the Building Construction works under Sealed Quotation– Single Stage single Envelope Bidding procedures with contract details as follows:

| S. N. | Identification No. | Description of Works | Estimated Amount (Without VAT Nrs.) | Cost of Bid Document (NRs) | Bid Security Amount (NRs | Bid Security Validity Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | PRM/KKT/BD/WORKS/SQ-02/2081/082 | Construction of Prefab Building for Meat Collection and Selling Center at Palata-02 | 1,526,721.83 | 1,000.00 | 45,000.00 | 45 days | SQ |
| 2. | PRM/KKT/BD/WORKS/SQ-03/2081/082 | Construction of Prefab Building for Milk Collection Production and Marketing Center at Palata-08 | 1,519,694.57 | 1,000.00 | 45,000.00 | 45 days | SQ |
| 3. | PRM/KKT/BD/WORKS/SQ-04/2081/082 | Construction of Prefab Building of Agro-Mart at Palata-04 | 1,540,785.37 | 1,000.00 | 45,000.00 | 45 days | SQ |
| 4. | PRM/KKT/BD/WORKS/SQ-05/2081/082 | Construction of Prefab Building for Vegetable Collection Center at Palata-05 | 1,544,299.00 | 1,000.00 | 45,000.00 | 45 days | SQ |
| 5 | PRM/KKT/BD/WORKS/SQ-06/2081/082 | Construction of Prefab Building for Vegetable Collection Center at Palata-06 | 1,546,054.86 | 1,000.00 | 45,000.00 | 45 days | SQ |

(b) Submission and Opening of Bid:

| Last Date of Submission of Bid | Date of Opening of Bids | Employers Bank Account Details to Purchasing Bid Document | Employers Bank Account Details to Deposit Cash For Bid Security |
|---|---|---|---|
| Date: 09-06-2025 (2081-02-26) Time: 12:00 PM | Date: 09-06-2025 (2081-02-26) Time: 2:00 PM | Nabil Bank Ltd. A/C No: 07501017500263 | Nabil Bank Ltd. A/C No: 07501017500280 |

For More Details Eligible Bidders may obtain further information and inspect the Bidding may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Acting Chief Administrative officer**

मध्यान्ह
www.madhyanhadaily.com
११ जेठ २०८२ आइतबार
25 May 2025, Sunday

## सम्पादकीय

# निष्पक्ष अनुसन्धानको सर्त

विपक्षमा रहेका नेताहरूले गृहमन्त्री रमेश लेखकको राजीनामा माग्न थालेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले बक्तव्य जारी गरेरै गृहमन्त्री लेखकको राजीनामा मागेका छन् । विपक्षमा रहेका दल र सार्वजनिक क्षेत्रबाट पनि उनको राजीनामा मागिदैछ । गृहमन्त्री लेखकले भने यसबारे संसद्मा बोल्ने बताएका छन् । गृह मन्त्रालयले शनिबार बक्तव्य मार्फत् त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल अध्यागमन विभागमा भएको प्रकरणमा नेतृत्वको कुनै संलग्नता नरहेको जनाएको छ । घुस लिएर भिजिट भिषामा नेपालीहरू विभिन्न देशमा पठाइने गरेको सूचनाका आधारमा तत्कालीन अध्यागमन प्रमुख तीर्थराज भट्टराई पक्राउ परेका थिए । अख्तियार दुरूपयोग अनुसन्धानले भट्टराई सहित अध्यागमनका कर्मचारीहरूले घुस लिएर भिजिट भिषामा पठाइने गरेको मुद्दामा अनुसन्धान गरिरहेको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन विभागमा ठूलो रकमको भ्रष्टाचार यो प्रकरणमा भइरहेको प्रारम्भिक निष्कर्ष अख्तियार निकालेको छ । तर यो प्रकरणका प्रमुख आरोपी भट्टराईलाई गृहमन्त्री लेखकले जोगाउन लागेको आरोप लागेको छ । विवादित पृष्ठभूमिका भट्टराईलाई पहिले अध्यागमन विभागको प्रमुख बनाएर पठाउने अनि अख्तियारले अनुसन्धान थालेको थाहा हुनासाथ रातारात गृह मन्त्रालयमा फर्काउने कार्यमा गृहमन्त्री लेखकको भूमिका रहेको विपक्षीहरूको आरोप छ । तर गृहमन्त्री लेखकले कुनै कर्मचारीमाथि अनुसन्धान थाल्नासाथ मन्त्रीकै राजीनामा गर्ने संस्कृति थाल्न नहुने तर्क गरेका छन् । उनले आफ्नो संलग्नता पुष्टि भए गृह मन्त्रीबाट मात्र नभएर राजनीतिबाटै विदा हुने सार्वजनिक घोषणा पनि गरेका छन् ।

यद्यपि विपक्षीहरूको माग बमोजिम राजीनामा दिन नसकिने सन्देश गृहमन्त्री लेखकले दिएका छन् । किनकि उनले संसद्बाट सम्बोधन गर्ने विकल्प रोजेका छन् । जबकि गृहमन्त्री लेखक अहिले पुर्पक्षका लागि थुनामा रहेका रवी लामिछानेको उत्तराधिकारीका रूपमा गृह मन्त्रालय आएका हुन् । र लामिछाने नेपाली कांग्रेसकै माग बमोजिम सहकारी बचत रकम ठगी अनुसन्धानका क्रममा थुनामा परेका हुन् । अझ रोचक त यिनै गृहमन्त्री लेखकले रवी लामिछानेविरूद्ध चर्को आवाज उठाएका थिए । गृहमन्त्री रहँदासम्म रवीमाथि निष्पक्ष छानबीन हुन नसक्ने तर्क लेखकले त्यसबेला गरेका थिए । नभन्दै रास्वपाका सभापति रवी लामिछानेमाथि संसदीय छानबीन भयो, रवीमाथि कार्बाही चलाउन सिफारिस गरियो । उनै लेखक माथि अहिले मानव तस्करी प्रकरणमा जोडेर आरोप लागेको छ । आफ्नै मातहतका कर्मचारीमाथि अनुसन्धान अगाडि बढेको छ । यस्तो बेलामा गृहमन्त्री लेखक र त्यो भन्दा पनि कांग्रेसले गम्भीर भएर सोच्न आवश्यक छ । अझ वर्तमान सत्ता गठबन्धन निर्माणको पृष्ठभूमि हेर्दा त लेखकले गृहमन्त्रीबाट राजीनामा दिएर अगाडि बढ्दा राम्रो हुन्छ । किनकि यो सरकार निर्माण हुनुको कारण सुशासन, राजनीतिक स्थायित्व र मुलुकको समृद्धि हो ।

# समाजवादतर्फको नारा र यात्रा

*नेपालको संविधानले समाजवाद उन्मुख समृद्ध नेपालको परिकल्पना गरेको छ । तर, अर्थतन्त्र र सार्वजनिक जीवनका सबै अत्यावश्यक क्षेत्रहरु निजी क्षेत्रलाई दिइएको छ । जसले भनाई र गराईमा तादाम्यता नभएको देखाउँछ...*

अग्रलेख



● शंकर मान सिंह

समाजवादलाई आर्थिक विकासको मूल आधार बनाएर बजेट ल्याउँछौं भन्दैछन् उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल । पौडेलको भनाईअनुसार आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा लोकतान्त्रिक समाजवादलाई नेपालको आर्थिक विकासको आधारभूत मार्गदर्शन सिद्धान्तका रुपमा प्रस्तुत गर्ने तयारी छ । प्रतिनिधि सभाको हालैको बैठकमा आगामी आर्थिक वर्ष २०८२/८३ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिँदै अर्थमन्त्री पौडेलले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षालाई संस्थागत गर्न लोकतान्त्रिक मूल्यमा आधारित समाजवादलाई अपनाइएको बताएका थिए ।

नेपालको संविधानले वास्तवमा नेपाल 'समाजवाद उन्मुख' भनेको छ । जसका आधारमा नेपाल समाजवादी व्यवस्थामा प्रवेश गर्दैछ । नेपाल अहिले पूर्णतया: समाजवादी छ जस्तो लाग्दैन, तर केही नीतिहरू छन् जुन अलि समाजवादी छन् । जब हामी समाजवादी देशहरूको बारेमा कुरा गर्छौं, हामी विकसित संसारमा डेनमार्क, नर्वे, स्विडेन जस्ता स्क्यान्डिनेभियन देशहरूको बारेमा कुरा गर्छौं, जसमा गरिब, वृद्ध, अपाङ्ग, बालबालिकाहरू बिचको सुरक्षा गर्ने बलियो कल्याण प्रणाली छ ।

नेपाल अहिले आफ्नो गरिब वा वृद्ध वा अपाङ्गता भएका सबैको हेरचाह गर्ने गरी आर्थिक रूपमा विकसित भइसकेको छैन, तर ज्येष्ठ नागरिकलाई मासिक भत्ता वा १० वटा अत्यावश्यक औषधि निःशुल्क उपलब्ध गराउने जस्ता केही नीतिहरू कार्यान्वयमा छन् ।

विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताले लोकतान्त्रिक मूल्यमा आधारित समाजवाद, 'समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय आकांक्षा बोकेको छ । हाम्रो समाजवाद लोकतान्त्रिक मूल्यमा आधारित हुन्छ । हामी लोकतान्त्रिक समाजवादबाट अन्य डिपार्चर हुन सक्दैनौं । त्यसकारण लोकतान्त्रिक समाजवाद हाम्रो ध्येय हो र गन्तव्य पनि हो । हामी समाजवाद भनेर गरिबी बाँड्ने समाजवाद होइन, समृद्धि बाँड्ने समाजवाद हौं । सामाजिक उत्पादनमा आम नागरिकको न्यायपूर्ण पहुँच नै समाजवादको अर्थ हो ।

सन् १९६९ मा रजनीशपछि ओशोको नामबाट परिचित भएद्वारा दिएको एक भाषणअनुसार, समाजवाद पुँजीवादकै परिणाम हो भन्ने गरेको देखिन्छ । उनको पुस्तक 'बिवेर अफ सोसिलिस्म' भन्ने पुस्तक तत्कालीन अवस्थामा निकै पाठकको पठन सामग्री हुन्थ्यो । त्यसको हिन्दी र अरू भाषामा पनि निस्के होलान् । उनले भनेका छन्, हाम्रो छिमेकी मुलुक भारत जस्तो मुलुकमा समाजवाद अपरिहार्य थियो भन्ने विश्वास थियो, तर ५०/७० वर्षदेखि भारतले पहिले धन सिर्जना गर्न आफ्नो प्रयास लागू गर्नुपर्छ ।

समाजवादले मात्र गरिबीको अन्त्य गर्दछ । आफ्नो पिछडिएको अवस्थाबाट जोगिनको लागि आवश्यक पर्ने कुरा पुँजीवाद, विज्ञान, आधुनिक प्रविधि र जन्म नियन्त्रण थियो । पुँजीवाद र समाजवादलाई विपरीत प्रणालीको रूपमा मानेन, तर कुनै पनि देशको लागि पहिले पुँजीवादी अर्थव्यवस्था निर्माण नगरी समाजवादको बारेमा कुरा गर्नु विनाशकारी माने । हाल नेपालको कुरा गर्दा नेपालका अराजनीतिक दलहरू र सरकार बनाउने हिसाबले हेर्दा, खास कुनै वादतर्फ ढल्किएको वा आसक्त भयो भैँ देखिँदैन ।

नेपालको सन्दर्भमा, संविधानसभाले बनाएको नेपालको संविधानको प्रस्तावनामा लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रतिको आम राजनीतिक प्रतिबद्धता अभिव्यक्त भएको छ । संविधानको धारा ४ ले नेपाललाई समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक राज्यका रूपमा परिभाषित गरेको छ । राज्यको निर्देशक सिद्धान्तका रूपमा धारा ५० को उपधारा ३ मा उत्पादन र वितरणमा सार्वजनिक, निजी र सहकारीको सहभागितामा जोड दिँदै मुलुकमा समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने विषय उल्लेख छ ।




त्यसर्थ, नेपालको संविधानले हाम्रो मुलुकलाई समाजवादी मुलुकका रूपमा नभए पनि समाजवादका प्रमुख पक्षलाई आत्मसात् गर्ने उदार लोकतान्त्रिक परिकल्पना गरेको देखिन्छ ।

### सामाजिक न्याय

नेपालको आर्थिक नीतिको मूल चरित्रका रूपमा सामाजिक न्यायका लागि आम नागरिकले समानरूपमा पाउनु पर्ने आधारभूत सेवा सरकार आफैँले उपलब्ध गराउने तथा उत्पादन र आर्थिक विकास अन्य पक्षमा निजी र सहकारी क्षेत्रको योगदान बढाउन सहजीकरण गर्ने किसिमको हुनुपर्ने संवैधानिक मान्यता देखिन्छ । सहकारीको हालको अवस्था जग जाहेर छ । समाजवादका बारेका अन्तहीन बहसभन्दा समृद्धिमूलक निर्माणको औजारको रूपमा लागु भएको वर्तमान संविधानको अपेक्षा आफ्नो नीति र व्यवहार बनाउन दलहरू तत्पर छन् कि छैनन् भन्ने कुरा बढी महत्वपूर्ण हुन्छ । तत्कालीन माओवादी केन्द्र र एमाले एकीकरण पूर्व नै पुँजीवाद हुँदै समाजवाद र साम्यवादसम्म पुग्ने लक्ष्यसहित वामगठबन्धन बनाएर आम निर्वाचनमा होमिएको विगत छ । हालको अवस्थामा सरकारका नीति र नेतृत्वको व्यवहार समाजवादतर्फ नभई त्यसको उल्टो दिशातर्फ फर्किएको हो कि भन्ने अभिमत राख्नेहरू पनि छन् । सरकार र प्रतिपक्ष दुवैको यात्रा समाजवादतर्फ नभई नवसामन्तवादतर्फ अघि बढेको हो कि भन्ने भ्रम वा यथार्थ के हो ?

### समाजवादी शासन प्रणाली

विशेषत: समाजवादी शासन प्रणाली अपनाएका मुलुकमा साधन स्रोतमा सार्वजनिक वा सामूहिक अपनत्व हुन्छ, अवसरको समानता हुन्छ । नेपालको सन्दर्भमा समाजवादतर्फ जान सामाजिक सुरक्षालाई महत्व त दिए पनि उमेर तोकिएको छ । निश्चित उमेर पार गरेपछि धनी गरिब सबैले सामाजिक सुरक्षा भत्ता पाउँछ । निजी क्षेत्र उत्पादनमा भन्दा व्यापारमा आधारित छन् । त्यसलाई उद्योगमा कसरी रूपान्तरण गर्ने भन्ने चुनौती छ । टेन्डर गर्दा विदेशी कम्पनीकै सामान लिन्छन् । संविधानमा लेखेको जस्तो समाजवादतर्फको कार्यक्रम छैन । संविधान एकातिर गतिविधि अर्कोतिर छ भनिन्छ ।

### संविधानमा समाजवाद

नेपालको संविधानले समृद्ध र समाजवादी नेपालको परिकल्पना गरेको छ । तर, अर्थतन्त्र र सार्वजनिक जीवनसँग जोडिएका अत्यावश्यक क्षेत्रहरू निजी क्षेत्रलाई दिइएको छ । केही समययता नेपालको वाम वृत्तमा समाजवादको बहस चलिरहेको छ । नेपाली कांग्रेस पनि बेला-बेलामा समाजवादको यो 'कोरस'को हिस्सा बन्छन् । बीपीको प्रजातन्त्र, समाजवाद र राष्ट्रियताको व्याख्या नयाँ पुस्ताले कसरी बुझ्ने ? बिपीले भने झैँ दुहुनो गाई, बस्ने बास र उनको जस्तो जीवन स्तर साबित नेपालीको होस्, त्यो नै समाजवाद हो भन्थे उनी ।

यदि यो विषयमा विद्वान वा राजनीतिज्ञहरू बिच बौद्धिक बहस भएको भए, बहस र विचार विमर्श शैक्षिक जगतको अविभाज्य भाग भएकाले यो बेवास्ता हुने थियो । तर, कम्युनिस्ट पार्टीसँग आबद्ध फोरमले आयोजना गरेको त्यस्ता छलफलमा कम्युनिस्ट पार्टीका वरिष्ठ नेताहरूले नेपालमा समाजवाद निर्माणमा केन्द्रित भई मुख्य भाषण दिने गर्छन्, त्यो घटना झनै महत्वपूर्ण हुन्छ ।

निरर्थक छलफल, छिन्नभिन्न सामाजिक र आर्थिक आधारमा समाजवादको जग बसाउनु अकल्पनीय कुरा हो । विडम्बनाको कुरा के छ भने नेताहरूले देशको दयनीय अवस्थालाई बेवास्ता गर्दै नेपालमा समाजवाद निर्माण गर्ने विषयमा बहस गर्न छाडेका छैनन् जसका लागि नेपालको कर्मचारीतन्त्र र राजनीतिज्ञहरू मात्र जिम्मेवार छन् भन्न सकिन्न । समाजवादको निरर्थक बहसमा लागेर 'समृद्ध नेपाल'को सपना बेच्नुको सट्टा भ्रष्ट र जीर्ण राजनीतिलाई रूपान्तरण गरी राष्ट्र निर्माणको बाँकी काम पूरा गर्न पार्टीका नेताहरूले आफ्नो शक्ति परिचालन गरेको भए राम्रो हुन्थ्यो भन्ने अभिमत गएको अनुभूत हुन थालेको छ ।

नेपालमा जस्तै छरपस्ट र दयनीय सामाजिक र आर्थिक आधारमा समाजवादको जग बसाउनु कठिन छ । अहिलेको 'संघीय लोकतान्त्रिक गणतन्त्र'को विडम्बना यो हो कि यसका शासकहरूले सक्षम र जनशक्ति निकासी गर्ने नीति अपनाएर काम गर्ने उमेरका झन्डै आधा जनसंख्या विदेश पलायन भएको छ । देशमा रोजगारी सिर्जना गर्न र मानव पुँजी पलायन हुन नदिने काममा उनीहरूले हात पूरै धोएका छन् । आधा जनशक्ति विदेशमा पठाएर नेपालमा समाजवाद निर्माण गर्ने बहस गर्नु र रेमिट्यान्समा राज्य चलिरहेको छ भन्ने तितो तथ्यलाई बेवास्ता गर्नु आफैँमा पराजयको अभ्यास हो ।

## इतिहासमा आज

२५ मे २००९ मा उत्तर कोरियाले आफ्नो दोस्रो आणविक उपकरणको परीक्षण गरेको आरोप थियो । जुन घटनासँगै अन्तर्राष्ट्रिय समुदायमा तनाव वृद्धि भएको थियो ।



२५ मे २०१२ मा स्पेसएक्स ड्र्यागन १ अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनसँग सफलतापूर्वक भेटघाट गर्ने र बर्थ गर्ने पहिलो व्यावसायिक अन्तरिक्ष यान बनेको थियो ।



२५ मे २०१३ मा भारतको छत्तीसगढमा भारतीय राष्ट्रिय कांग्रेसका राजनीतिज्ञहरूको काफिलेमा भएको आक्रमणमा शंकास्पद माओवादी विद्रोहीहरूले कम्तिमा २८ जनाको हत्या गरेका थिए ।



२५ मे २०१३ मा पाकिस्तानको गुजरात शहरमा स्कूल बसमा ग्यास सिलिन्डर विस्फोट हुँदा कम्तिमा १८ जनाको मृत्यु भएको थियो ।



# खेल क्षेत्रको विकासका लागि चाल्नुपर्ने कदम

विचार



● खगेन्द्र पौडेल

*नेपालमा खेल क्षेत्रको समुन्नति केवल खेलाडी वा प्रशिक्षकमात्रको जिम्मेवारी होइन । यो राज्य, समाज, परिवार र निजी क्षेत्र सबैको संयुक्त प्रयासबाट मात्रै सम्भव छ...*

नेपालमा खेल क्षेत्रको विकासका लागि ठोस र दीर्घकालीन योजना आवश्यक छ । नेपालले क्रिकेट, फुटबल, भलिबल जस्ता केही खेलमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उपलब्धि हासिल गर्न थालेको देखिन्छ तर, समग्र खेल क्षेत्र अझै पनि विविध समस्याबाट गुज्रिरहेको छ । पूर्वाधार, प्रशिक्षक, खेल नीति, बजेट, खेलाडीको सुरक्षा र करियर विकासजस्ता विषयमा सुधार नगरेसम्म नेपालमा खेलको दिगो विकास सम्भव छैन ।

सबैभन्दा पहिला राज्यले खेल क्षेत्रलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्छ । शिक्षामा खेललाई अनिवार्य बनाउने नीति अवलम्बन गर्नुपर्छ । विद्यालय तहमै खेलकुद कार्यक्रमहरू सञ्चालन गरी बालबालिकाको रुचि र क्षमता पहिचान गर्न सकिन्छ । खेलले शारीरिक तथा मानसिक विकासमा मात्र होइन, आत्मअनुशासन, सहकार्य र नेतृत्व विकासमा समेत योगदान दिन्छ । यसकारण खेल शिक्षालाई पाठ्यक्रमको अनिवार्य अङ्ग बनाउनुपर्छ ।

खेल संरचनाको सुधार गर्नुपर्छ । आज पनि धेरै विद्यालय र कलेजहरूमा खेल मैदान छैनन् । भएका संरचनाहरू पनि जीर्ण छन् वा प्रयोगविहीन छन् । सरकारी र निजी साझेदारीमा जिल्ला, प्रदेश र केन्द्र स्तरमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारका रंगशाला निर्माण गर्न आवश्यक छ । क्रिकेट, फुटबल, एथलेटिक्स, टेबल टेनिस, बास्केटबल, कराते, जुडोलगायतका खेलहरूका लागि छुट्टाछुट्टै प्रशिक्षण केन्द्र स्थापना गरिनुपर्छ ।

दक्ष प्रशिक्षक र प्राविधिकको व्यवस्था गरिनुपर्छ । अहिले धेरै खेलाडीहरू आफैं अभ्यासमा सीमित छन् । अन्तर्राष्ट्रिय स्तरका प्रशिक्षक ल्याउने, उनीहरूबाट स्थानीय प्रशिक्षक उत्पादन गर्ने र देशभर प्राविधिक जनशक्ति विस्तार गर्ने व्यवस्था हुनु आवश्यक छ । यसले दीर्घकालमा गुणस्तरीय प्रशिक्षण र प्रतिस्पर्धी खेलाडी उत्पादनमा सहयोग पुऱ्याउँछ ।

खेलसँग सम्बन्धित नीति, नियम र संस्थाहरूलाई व्यावसायिक र पारदर्शी बनाइनुपर्छ । नेपालमा खेल संघ-संस्थाहरूमा राजनीतिक हस्तक्षेप, आन्तरिक विवाद र भ्रष्टाचारको आरोप लाग्ने गरेको छ । यस्ता संस्थाहरूमा दक्ष, इमानदार र निष्पक्ष व्यक्तिहरूको सहभागिता सुनिश्चित गरिनुपर्छ । खेल नीति बनाउँदा सरोकारवाला सबै पक्षको राय समेट्नुपर्छ र लागू गर्न सकेका कार्यक्रमहरूको नियमित मूल्यांकन गर्नुपर्छ ।

खेल क्षेत्रका लागि पर्याप्त बजेटको व्यवस्था गर्नुपर्छ । राज्यले प्रत्येक वर्ष खेल क्षेत्रका लागि छुट्ट्याउने रकम आवश्यकताअनुसार वृद्धि गर्नुपर्छ । यसबाहेक निजी क्षेत्रलाई पनि खेलमा लगानी गर्न प्रोत्साहित गर्नुपर्ने हुन्छ । विज्ञापन, प्रायोजन, टिकट बिक्री, प्रसारण अधिकारजस्ता माध्यमबाट खेललाई आर्थिक रूपमा आत्मनिर्भर बनाउने प्रयास गरिनुपर्छ ।

खेलाडीको भविष्यको सुरक्षा सुनिश्चित गर्नुपर्छ । धेरै नेपाली खेलाडीहरूले उमेर भरि राष्ट्रिय प्रतिनिधित्व गरे पनि सेवा निवृत्तिपछि समस्यामा पर्ने गरेका छन् । खेलाडीहरूको बीमा, पेन्सन योजना, छात्रवृत्ति, रोजगारी र पुन:प्रशिक्षणको व्यवस्था गर्नु जरुरी छ । खेल क्षेत्रमा करियरको स्थायित्व नभएसम्म युवा पुस्ता आकर्षित हुँदैन ।

अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा भाग लिन सजिलो र प्रभावकारी व्यवस्था बनाइनुपर्छ । भिसा, टिकट, तालिम, समन्वय आदिमा हुने ढिलाइले खेलाडीको मनोबल घटाउँछ । सरकार र खेल संस्थाहरूले समन्वयकारी संयन्त्रमार्फत यस्ता समस्या समाधान गर्नुपर्छ । साथै, अन्तर्राष्ट्रिय खेलकुद संस्थाहरूसँग सहकार्य गरी नेपाली खेल क्षेत्रको स्तर वृद्धिका लागि अवसरहरू खोजिनुपर्छ ।

निष्कर्षमा, जनस्तरमा खेलप्रतिको चेतना र सहभागिता वृद्धि गरिनुपर्छ । अभिभावक, शिक्षक, समाजका अगुवाहरूले खेललाई पढाइ वा जागिरको बाधक नभइ, सहायकको रूपमा बुझ्नुपर्छ । सञ्चारमाध्यमहरूले खेल र खेलाडीको संघर्ष, सफलता र योगदानलाई उजागर गर्दै सकारात्मक माहोल सिर्जना गर्नुपर्छ । नेपालको खेल क्षेत्रको समुन्नति केवल खेलाडी वा प्रशिक्षकमात्रको जिम्मेवारी होइन । यो राज्य, समाज, परिवार र निजी क्षेत्र सबैको संयुक्त प्रयासबाट मात्रै सम्भव छ । दीर्घकालीन सोच, ईमानदार कार्यान्वयन र सबल पूर्वाधारमार्फत नेपाल पनि खेलकुदमा विश्वमञ्चमा दरिलो उपस्थिति जनाउन सक्छ ।

## सामाजिक सञ्जाल



**मुमाराम खनाल**

खासमा 'स्वर्ग' र 'नर्क' भन्ने केही पनि हुँदैन । जहाँ हाम्रा जाँगरिला मजदुर काम गर्न जान्छन्- कतार, साउदी र बहराइन पनि स्वर्ग बन्छ । तर, जहाँ हिमाल, सगरमाथा र बुद्धको स्वर्गभूमी पहिल्यै हुन्छ- कांग्रेस, एमाले र माओवादीका शीर्ष नेताको हर्कतले 'नर्क' बन्छ ।



**प्रेमकान्त अधिकारी**

उसो र यसो भनेर स्पष्टीकरण दिए जस्तो गरेर चिच्याएर यो गर्मी मौसम होस् या उद्योग कलकारखाना उत्पादन यावत व्यवस्थापन सबल सक्षम होस् । अब जनताले भोगिसके विद्युत सेवामा पश्चगमनको युग न आओस् । बोलिरहनु भन्दा विद्युत प्रवाह अटुट भै'रहोस् । विद्युतीय दादागिरी रोकियोस् ।



**सेतेमान तामाङ**

मानव धर्म भन्नू नै बिग्रेकोलाई सपार्ने, असभ्यलाई सभ्य बनाउने, नकारात्मकलाई सकरात्मक तर्फ डोऱ्याउने र अराजकतालाई सहिष्णुता कायम राख्न बदल्नु हो । अहिले मानव धर्मको चिरहरण भएको छ । चिर हरणबाट रोक्न सक्ने नै सत्य, तथ्य र सभ्य बनाउन सक्नुपर्छ ।



**नवराज पन्त**

डिजिटल शासन केवल सेवा सजिलो बनाउने उपाय मात्र होइन, यो राज्य सञ्चालनको नयाँ दर्शन पनि हो । दक्षिण कोरियाली अभ्यासले सिकाउँछ- प्रविधि तब मात्र सफल हुन्छ, जब त्यसको मूलमा समावेशिता, उत्तरदायित्व र नीतिगत स्पष्टता हुनेछ । नेपालमा पनि सुशासनको स्थायी आधार बन्न सक्छ ।

एनआरएनए आइसीसी विवाद

# सुरू नभई स्थगित भयो कतार एनसीसीको अन्तिम परिषद् भेला

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १० जेठ

गैरआवासीय नेपाली संघ आइसीसीको विवादको असर एनसीसी कतारको तेस्रो तथा अन्तिम परिषद् भेलामा पनि प्रत्येक्ष परेको छ। २०२३-२०२५ कार्यकालको तेस्रो तथा अन्तिम परिषद् भेला शुक्रवार कतारको होलीडे भिल्लाको सभा हलमा होहल्ला कानेखुसीबीच एकाएक माइन्यूटको निर्णय सुनाउँदै एक महिनासम्मका लागि स्थगित गर्दै सकिएको हो ।

बिहान साढे १२ बजेका लागि बोलाइएको परिषद् भेला दिउँसो सवा तीन बजेसम्म होहल्ला, कानेखुसी, आरोप प्रत्यारोप र बैठकमा सीमित भयो। एनसीसी कतारका पदाधिकारीहरूले हलको कुनामा कार्यसमितिको पूर्ण बैठक बोलाएका थियो। बैठकले विशेषगरी केन्द्रमा रहेका दुई वटा आइसीसी मध्ये कुन प्रणालीमा टेकेर परिषद् सदस्यता खुल्ला गर्ने र एनसीसी कतार अगाडि बढ्ने भन्ने अन्यौलता चिर्ने प्रयास स्वरूप निर्णय गरेको र उक्त निर्णय पोडियममार्फत पार्षद्हरुलाई जानकारी दिने बताइयो ।



बैठकले गरेको निर्णय पढ्नु पूर्व एनसीसी कतारका महासचिव रबिन मगरले भेलाको औपचारिक सुरुवातै नगरी स्टेजमा समाजका अगुवा, एनसीसी कतारका भूतपूर्व अध्यक्षदेखि विभिन्न ओहोदाका पदाधिकारी, एनआरएनए अभियन्ता लगायतका करिब एक दर्जन बढीलाई स्टेजमा आसन ग्रहण गराए। आसन ग्रहण गरेकाले निकै असहज महसुस गरे भने कतिपय जुरुक्क उठेर हिँड्न खोज्दा पनि आयोजकले बस्नलाई कर नै गरेर राखे ।

हलमा उपस्थित केही परिषद् हिँडी सकेका थिए भने केही कानेखुसी गर्दै स्टेजतिर ध्यान दिएर के हुने हो भनी चाख पूर्वक हेरेर प्रतीक्षा गरिरहेका थिए ।

कानेखुसी र अन्योलका बीचमा महासचिव मगर भने, 'आइसीसीमा पुनः एकता नभएको अवस्थामा एनसीसी कतार कुनै पक्षसँग संस्थागत एमओयू नगर्ने भन्ने निर्णयको मर्मलाई आधार मान्दै शुक्रबार गर्न लागिएको परिषद् भेला कार्यक्रममा उपस्थित एनआरएनएका अग्रज अभियन्ता आइसीसी पदाधिकारी सदस्यहरू पूर्वअध्यक्षहरु, समाजका आमबुद्धिजीवीहरूको साझा सहमतिमा नेपाली समाजको हित तथा एकताका लागि थप छलफल आवश्यक भएकोले एनसीसी कतारको विद्यानको परिच्छेद ६ को दफा १३.३ अनुसार पुनः अर्को मिति तय नहुने समय सम्मका लागि कार्यसमितिको विशेष बैठकले स्थगित गर्ने निर्णय गरिएको छ।'

उनले अगाडि निर्णय सुनाउँदै हाल जारी रहेको सदस्यता आवेदन एमआइएस सिस्टम र एनसीसी कतारले खुल्ला गरेको सदस्यता पनि खुल्ला रहेको र २७ जुन २०२५ सम्ममा परिषद् भेला सम्पन्न गरिने बताए ।

मगरले निर्णय पढेर सुनाए लगत्तै स्टेजमा रहेका केही एनआरएनएका पूर्वअध्यक्ष लगायतले परिषद् सदस्यता बन्द गर्न र अन्तिम परिषद् भेला पश्चात् नै परिषद् सदस्यता खोल्नुपर्ने वैधानिक व्यवस्था भएको विचार राख्दै परिषद् सदस्यता खुल्ला राख्ने निर्णयप्रति असहमति जनाए ।

लगत्तै सोडियममा एनसीसी कतारका अध्यक्ष रमेश भट्टले अशान्त माहोललाई सम्हाल्दै अन्तिम परिषद् भेला सम्पन्न नहुँदासम्म सबै सिस्टमका परिषद् सदस्यता शुक्रबारबाटनै बन्द गर्ने घोषणा गरे ।

उनले छिट्टै सर्वदलीय तथा साझा बैठक बसेर नयाँ मार्ग पहिल्याउने प्रतिबद्धता व्यक्त गर्दै आकस्मिक रूपमा भेला स्थगित गर्दा परिषद्मा पर्न गएको असुविधाप्रति एनसीसी कतार र अध्यक्षका हैसियतमा माफी माग्दै परिषद् भेला स्थगित गरिएको बताए ।

शुक्रबारबाट कतारमा रहेका एनसीसीसँगका सरोकारवालाहरूले सामाजिक सञ्जालमा आरोप प्रत्यारोप सुरु गरेपनि बद्री केसी समूहको नयाँ एनसीसी जन्मने सम्भावन बढेको एक जानकारले मध्यान्हसँगको कुराकानीमा बताए । कतारको नेपाली समाजमा देखिएको विखण्डनको बाटोलाई रोक्न हालको एनसीसी कतारले केन्द्रमा पूर्ण एकता नहुँदासम्म पर्ख र हेरको बाटो अवलम्बन गर्नुपर्ने अवस्था सिर्जना हुँदै गएको छ ।

# 'साँगे दर्पण' पुस्तक लोकार्पण

**काठमाडौं/मस**-साँगे सभ्यता संरक्षण तथा विकास अभियानद्वारा प्रकाशित 'साँगे दर्पण' पुस्तक लोकार्पण गरिएको छ । शनिबार काठमाडौं सोह्रखुट्टेस्थित लेखनाथ साहित्य सदनमा एक कार्यक्रमको आयोजना गरी पुस्तकको लोकार्पण गरिएको हो ।



प्रमुख अतिथि नेपाल सरकारका पूर्वसचिव पुरुषोत्तम ओझा, विशेष अदालतका पूर्वन्यायधिश कृष्णबल्लभ काफ्ले, पूर्वन्यायधिश एवं काठमाडौं विश्वविद्यालय कानुन संकायका डिन डा.ऋषिकेश वाग्ले, स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक एवं गण्डकी प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा.रघुराज काफ्ले, साँगे सभ्यता संरक्षण तथा विकास अभियानका संयोजक सुरेन्द्र वाग्ले, साँगे दर्पण पुस्तकका सम्पादक एवं अभियानका महासचिव सरोज ओझा र अभियानका कार्यसमिति सदस्यहरुले संयुक्त रुपमा पुस्तक लोकार्पण गरेका थिए ।

सो अवसरमा साँगे क्षेत्र थाँतथलो रहि राष्ट्रिय रुपमा चर्चा कमाउन सफल तथा साँगे क्षेत्रको विकासमा उल्लेख्य योगदान पुऱ्याउने अग्रज व्यक्तित्व नेपाल सरकारका पूर्वसचिव पुरुषोत्तम ओझा, विशेष अदालतका पूर्वन्यायधिश कृष्णबल्लभ काफ्ले, पूर्वन्यायधिस एवं काठमाडौं विश्वविद्यालय, कानुन संकायका डिन डा. ऋषिकेश वाग्ले, स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक एवं गण्डकी प्रदेश नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष डा.रघुराज काफ्ले, नेपाल सरकारका पूर्वसहसचिव ई. माधवप्रसाद ओझा, बरिष्ठ अधिवक्ता प्राध्यापक डा.गान्धी पण्डित, रेडियो नेपालका पूर्व नायब कार्यकारी निर्देशक ई.श्रीभद्र वाग्ले, पूर्व प्रदेश सचिव ई. शंकर पण्डितलाई साँगे गौरव सम्मानबाट विभूषित गरिएको थियो ।

यस्तै अग्रज एवं कृषक केदारनाथ वाग्ले, सामाजिक एवं राजनीतिक व्यक्तित्व बाबुराम भण्डारी, शिक्षासेवी एवं साहित्यिक व्यक्तित्व माधवप्रसाद भारद्वाज, कृषिविज्ञ दीपेन्द्रकेशरी न्यौपाने, चलचित्र पत्रकार एवं समीक्षक यज्ञश पण्डित, सामाजिक एवं राजनीतिक व्यक्तित्व भूवनेश्वरी पण्डित अधिकारी, अग्रज महिला सरस्वती न्यौपाने, पूर्वउपसचिव दामोदर भण्डारीलाई साँगे गौरव सम्मान र दातामध्ये बालदिवस पण्डितलाई साँगे दर्पण सर्वोकृष्ट दाता सम्मान गरिएको छ भने गोविन्दराज वाग्लेलाई साँगे दर्पण उकृष्ट दाता सम्मान र बलबिक्रम शाहीलाई साँगे दर्पण दाता सम्मानबाट विभूषित गरिएको छ।

उनीहरुलाई साँगे सभ्यता संरक्षण तथा विकास अभियानका संयोजक सुरेन्द्र वाग्ले र साँगे दर्पण पुस्तकका सम्पादक एवं अभियानका महासचिव सरोज ओझाले माला र प्रमाणपत्रबाट सम्मान गरेका हुन् ।

समारोहमा बोल्दै पूर्वसचिव पुरुषोत्तम ओझाले साँगे क्षेत्रको ऐतिहासिक, सामाजिक र सांस्कृतिक विशेषताहरू दस्तावेजीकरण गर्नु समय सान्दर्भिक कार्य भएको उल्लेख गर्दै पुस्तकले साँगे क्षेत्रको पहिचानलाई थप बलियो बनाउने विश्वास व्यक्त गरे । स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक एवं गण्डकी प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. रघुराज काफ्लेले साँगे क्षेत्रको समग्र विकासलाई अभिलेखमा उतार्न सफल यो पुस्तक नीति निर्माण र योजना विकासको सन्दर्भमा पनि उपयोगी बन्न सक्ने धारणा राखे ।

तनहुँस्थित साँगे उपत्यकाको मौलिक सभ्यतालाई उजागर गर्न तथा विकास गतिविधिमा सघाउ पुगोस् र यसले भावी पुस्ताका लागि समेत मार्गदर्शन दिलाउन सकोस् भन्ने उद्देश्य राखी खोजमूलक सन्दर्भ सामग्रीका प्राथमिकतामा राखी पुस्तक प्रकाशन गरिएको सम्पादक एवं अभियानका महासचिव सरोज ओझाले बताए ।

# ५ स्रष्टालाई 'नूर-गंगा प्रतिभा पुरस्कार'




**काठमाडौं/मस**-नूर-गंगा प्रतिभा पुरस्कार गुठीले २०८० सालका लागि विभिन्न विधामा उल्लेखनीय योगदान दिएका ५ स्रष्टालाई नगदसहित पुरस्कार प्रदान गरेको छ । गुठीका सदस्य-सचिव यज्ञप्रसाद शर्माका अनुसार यस वर्षको स्थापित राष्ट्रिय बाल साहित्य पुरस्कार कास्कीका रामबाबु सुवेदी र काठमाडौंका रामकुमार पाँडेलाई संयुक्त रूपमा प्रदान गरिएको छ । उनीहरूलाई संयुक्त रूपमा ५० हजार रुपैयाँ र प्रमाणपत्रसहित पुरस्कार प्रदान गरिएको हो ।

त्यसैगरी क्षेत्रीय लोकगायन पुरस्कार रुपन्देहीका डिल्लीनारायण पाण्डेलाई ३० हजार रुपैयाँ र प्रमाणपत्र सहित प्रदान गरिएको छ।

राष्ट्रिय नवप्रतिभा लोकगायन पुरस्कार म्याग्दीका प्रकाश दुतराजलाई नगद २५ हजार रुपैयाँ र नवप्रतिभा क्षेत्रीय साहित्य पुरस्कार रुपन्देहीका सागर पौडेललाई नगद २० हजार रुपैयाँसहित प्रदान गरिएको छ। गुठीको २०८१ साल फागुन २२ गते सम्पन्न साधारण सभाबाट गठन गरिएको प्रतिभा छनोट उपसमितिको सिफारिसका आधारमा शुक्रबार सम्मान गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि तथा गुठीका निवर्तमान अध्यक्ष प्रा.डा. चुडामणि बन्धु र गुठीका अध्यक्ष प्रा.डा. गोविन्द नेपालले पुरस्कार अर्पण गरेका थिए ।

पाल्पामा जन्मिएर काठमाडौंबाट गोल्ड स्टार जुत्ता उत्पादन गरेका चर्चित उद्योगपति स्व. नूरप्रताप जबरा र उनकी धर्मपत्नी तथा लोक गायीका स्व.गंगा राणाले २०४९ सालमा ३ लाख १ हजारको कोषबाट यो गुठीको स्थापना गरेका थिए। दुवैको स्वर्गारोहणपछि उनका छोरा अमिरप्रताप जबरा र बुहारी विदुषी राणाले गुठी सञ्चालन गर्दै आएका छन् ।

# ५ लाख भारुसहित एक जना पक्राउ

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १० जेठ

कपिलवस्तुको कृष्णनगर नगरपालिका-३ मा ट्रान्समिटर नजिकै स्रोत नखुलेको ५ लाख भारतीय रुपैयाँसहित एक जना पक्राउ परेका छन् ।



ईलाका प्रहरी कार्यालय कृष्णनगरको टोलीले शंका लागि चेकजाँचका क्रममा रामकुमार तोलाङ्गी नामका व्यक्तिलाई पक्राउ गरेको हो । उनको साथबाट झोलाभित्र लुकाइराखिएको ५०० दरका १० गड्डी भारतीय नोट बरामद गरिएको प्रहरीले जनाएको छ ।

ओखलढुंगाको चम्पादेवी गाउँपालिका-१० रानीवनका ४३ वर्षीय तोलाङ्गीलाई पैदल हिँडिरहेको अवस्थामा प्रहरीले रोकेर खानतलासी गरेको थियो ।

प्रहरीले उनलाई थप अनुसन्धानका लागि राजस्व अनुसन्धान कार्यालय बुटवल पठाएको छ ।

यसैबीच, प्रहरीले सीमा क्षेत्रबाट भारतबाट गैरकानुनी रूपमा भित्र्याइएका १० लाख रुपैयाँभन्दा बढी मूल्यका विभिन्न वस्तुहरू पनि बरामद गरेको छ ।

कृष्णनगर नगरपालिका-६ स्थित भिल्मी चोकबाट १५० किलो चिनी बरामद गरिएको छ भने, महाराजगंज नगरपालिका-९ कुशाहवा बढनीमा दुईवटा मोटरसाइकलमा ल्याइरहेका ३ बोरा सुकेको रातो खुर्सानी, ३८ वटा ब्रोइलर कुखुरा र १९ प्याकेट पार्ले जी बिस्कुट समेत प्रहरीले फेला पारेको छ ।

बरामद गरिएका सम्पूर्ण वस्तुहरू भन्सार कार्यालयमार्फत कानुनी प्रक्रिया अघि बढाइएको प्रहरी निरीक्षक ईश्वर लौडारीले जानकारी दिए ।

# नेपाल भेटेरीनरी एशोसिएसन मधेश प्रदेशको नयाँ कार्यसमिति चयन

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १० जेठ

नेपाल भेटेरीनरी एशोसिएसन मधेश प्रदेशको चौथो अधिवेशन सम्पन्न भएको छ । अमरेन्द्र सिंह र नरेन्द्र प्रसाद सिंहद्वारा संस्थापित संघको अधिवेशनबाट नयाँ कार्यसमिति चयन गरिएको छ ।



अधिवेशनबाट डा. दिनेश तिवारी अध्यक्ष, उपाध्यक्षमा डा.पवन कुमार झा, सचिवमा डा. सुभाष कुमार सिंह, सह-सचिवमा डा. सुदिप शर्मा, कोषाध्यक्षमा डा. सुवास झा चयन भएका छन् ।

यस्तै सदस्यहरूमा डा. विशाल यादव, डा. जितेन्द्र कुमार यादव, डा. रवि यादव, डा. श्रीकृष्ण शाह, डा.अमर कुमार शाह, डा. मनिस झा चयन भएका छन् ।

यसैबीच निर्वाचित कार्य समितिका पदाधिकारीहरूलाई डा.सुभाष एनिमल हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि., गौर, रौतहटले एक विशेष कार्यक्रममार्फत सम्मान गरेको छ । संस्थाले नवनिर्वाचित सम्पूर्ण भेटेरीनरी चिकित्सकहरूलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना दिएको हो ।


## Laligurans Municipality
## Office of Municipal Executivee
**Basantapur, Tehrathum**

### Invitation for E-bid

**Second Date of Publication: 2082/02/11 (25 MAY 2025)**
**IFQ NO: LM/SQ/S/03/2081-82**


1. **Laligurans Municipality, Basantapur, Tehrathum** invites **E-bid** from eligible bidders for following works under National Competitive Bidding. All other information and Bid documents can be downloaded from the PPMO'S website **www.bolpatra.gov.np/egp. The bidding procedure will be Single Stage Single Envelope and E-bid only.**
2. Information to deposit the cost of bidding document in Bank:
   **Antarik Rajaswa Khata No. (Revenue Account)**
   **Office Name** : Laligurans Municipality, Basantapur, Tehrathum
   **Bank Name** : Kumari Bank Limited
   **Bank Address** : Basantapur Branch
   **Account Number** : 2570248753600003 (GA 1.1)
   **Office code Number** : 801010502
   **Revenue Code Number** : 14229
   **For Security Deposit (Dharauti Khata) No** : 257024875360009
   Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Laligurans Municipality, Basantapur, Tehrathum.**
3. The bidders shall submit their e-bid in PPMO'S website **www.bolpatra.gov.np/egp** before ***2082/02/26 (2025 JUN 09) 12:00 hrs***. The bids will be opened from the PPMO'S website **www.bolpatra.gov.np/egp** in the presence of Bidders' representatives who choose to attend at ***2082/02/26 (2025 JUN 09) 13:00 hrs*** at the office of **Laligurans Municipality, Basantapur, Tehrathum.**
4. Bid security must be valid for a period of **45 days as stated below** for after bid opening and must be accompanied by a bid amounting to a minimum of **as specified below** which shall be valid for **30 days beyond the validity period (i.e., 75 days)** of the bid after **deadline of Bid submission date.**
5. If the last date of Bid Opening Day falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Bidders may submit modification or withdrawal prior to the deadline of bid submission. Once a Bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
7. Other information not mentioned above is as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 (Amended).
8. The employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

| S. N. | Contract No. | Descriptions of Works | Minimum Bid Security NRs. | Price of Bid Document NRs. |
|---|---|---|---|---|
| 1. | LM/SQ/S/06/2081-82 | SUPPLY AND DELIVERY OF HDPE WATER TANK AT LALIGURANS MUNICIPALITY | 55,000.00 | 1,000.00 |
| 2. | LM/SQ/S/07/2081-82 | SUPPLY AND DELIVERY OF HDPE PIPES AT LALIGURANS MUNICIPALITY | 48,000.00 | |
| 3. | LM/SQ/S/08/2081-82 | SUPPLY AND DELIVERY OF GABION CRATES (MACHINE MADE) AT LALIGURANS MUNICIPALITY | 55,000.00 | |

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
११ जेठ २०८२ आइतबार
25 May 2025, Sunday

# १४ जेठदेखि किम्फ हुने




**काठमाडौं / मस**-काठमाडौं अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव (किम्फ) को २२ औं संस्करण १४ जेठदेखि हुने भएको छ । महोत्सव १४देखि १८ जेठसम्म आयोजना हुनेछ । महोत्सव किम्फ ठमेलस्थित क्यूएफएक्स छाया सेन्टर, एस्ट्रेक पार्क र जिएए हलमा आयोजना हुनेछ ।

'खण्डित आवाज, जोडिदै कथाहरू' नाराका साथ हुने महोत्सवमा ३० देशका ६५ भन्दा बढी फिल्म प्रदर्शन हुनेछन् । किम्फले अन्तर्राष्ट्रिय छनोटमा संसारभर प्रशंसा बटुल्न सफल भएका फिल्महरू विशेषगरी नेपाली दर्शकका लागि ल्याएको छ । त्यससँगै नेपाली फिल्महरूको छनोटमा स्वदेशी प्रतिभाले बनाएका फिल्महरू पनि प्रदर्शन हुनेछन् जसले समकालीन नेपालको कथा देखाएका छन् । 'यसपटक फिल्म र कार्यक्रमहरूमार्फत् नेपाली दर्शकहरूलाई मनोरञ्जन गराउनको साथसाथै नेपाली समाजलाई असर पार्ने विषयहरूमा संवाद सुरू होस् भन्ने हाम्रो उद्देश्य रहको छ,' किम्फ फाउण्डेसनको अध्यक्ष रम्यता लिम्बूले भनिन् ।

'बिट्विन द माउन्टेन एण्ड द स्काइ' नामक डकुमेन्ट्रीको प्रदर्शनीसँगै किम्फ सुरू हुनेछ । नेपालमै पहिलो पटक प्रदर्शन हुन लागेको जेरेमी पावर रेगिम्बलद्वारा निर्देशित यस डकुमेन्ट्री फिल्मले सिएनएन हिरो जितेकी समाजसेवी म्यागी डोएनको व्यत्तिगत जीवनलाई नजिकबाट देखाउँछ ।

नेपाल-चीन मित्रताको ७० औं वार्षिकोत्सवको उपलक्ष्यमा किम्फले सिजांग प्यानोरमामा फिल्महरू प्रदर्शन गर्दैछ । जसले नेपाल र चीनको भाषिक र सांस्कृतिक भिन्नता भए पनि दुई देशबीचको समानता झल्काउनेछ ।

यसपटकको संस्करणमा निर्णायक मण्डलका रूपमा फिल्म र टेलिशृंखला निर्देशकहरू नवीन सुब्बा (नेपाल), मार्टिन हेसेनोह्ल (अस्ट्रिया), यिङ्गी चेन (चीन) सँगसँगै पत्रकारिता र संचार प्राध्यापक छुन झान र फिल्म प्रोग्रामर जिना ली (दक्षिण कोरिया) छन् । निर्णायक मण्डलले अन्तर्राष्ट्रिय श्रेणीमा रहेका उत्कृष्ट आख्यान (४ छनोट), उत्कृष्ट वृत्तचित्र (१४ छनोट), उत्कृष्ट छोटो आख्यान (११ छनोट) र उत्कृष्ट छोटो वृत्तचित्र (१३ छनोट) रोज्ने छन् । नेपाली फिल्ममध्ये उत्कृष्ट वृत्तचित्र ६ र उत्कृष्ट आख्यान ११ चयन गर्नेछन् ।

अन्तर्राष्ट्रिय श्रेणीमा उत्कृष्ट वृत्तचित्रको लागि १५०० अमेरिकी डलर, उत्कृष्ट छोटो वृत्तचित्रका लागि १००० अमेरिकी डलर, उत्कृष्ट आख्यानको लागि १५०० अमेरिकी डलर, उत्कृष्ट छोटो आख्यानको लागि १००० अमेरिकी डलर, उत्कृष्ट माउन्टेन र एडभेन्टर्सका लागि १००० अमेरिकी डलर तथा उत्कृष्ट इसिमोड पर्वतीय फिल्मलाई १००० अमेरिकी डलर पुरस्कृत गरिनेछ ।

नेपाली फिल्ममध्ये उत्कृष्ट वृत्तचित्र, उत्कृष्ट आख्यान र दर्शकहरूले सर्वाधिक रूचाएको फिल्मलाई सबैलाई १ लाख रूपयाँ पुरस्कार दिइनेछ । यो वर्ष केयू उदयवान फिल्मकर्मीलाई पनि १००० अमेरिकी डलर दिइनेछ ।

# दोस्रो हप्तामा 'के घर के डेरा : घर नं २'




**काठमाडौं / मस**-दोस्रो सातामा प्रदर्शन भइरहेको चलचित्र 'के घर के डेरा : घर नं २' उच्च अकुपेन्सीमा चलिरहेको छ । शुक्रबारबाट यो सिनेमा दोस्रो हप्तामा प्रदर्शन भइरहेको छ ।

पहिलो हप्ताभन्दा दोस्रो हप्तामा 'के घर के डेरा : घर नं २'लाई दर्शकको उच्च साथ मिलेको छ । शुक्रवार अधिकांश शसो हाउसफुल भएका थिए । शनिबार पनि अधिकांश सोमा अकुपेन्सी उच्च रहेको थियो ।

'आज पनि अहिलेसम्म अग्रिम बुकिङबाटै अकुपेन्सी उच्च देखिएको छ । डोरसेलसहित गरेर अधिकांश शो हाउसफुल भइरहेका छन्,' वितरक करण श्रेष्ठले भने ।

सकारात्मक वर्ड अफ माउथका कारण दर्शकको संख्या बढेको निर्माणपक्षले बताएको छ । दर्शकले 'के घर के डेरा : घर नं २' आफैले देखेको र भोगेको कथा भएको बताएका छन् ।

आम नेपालीले भोगिरहेको विषयलाई सिनेमाले उठान गरेको 'के घर के डेरा : घर नं २'ले उठान गरेको भन्दै दर्शकले तारिफ गरिरहेका निर्माणपक्षले बताएको छ ।

'के घर के डेरा : घर नं २'को कथा साहित्यकार बुद्धि सागरले लेखेका छन् । दीपेन्द्र के खनालको निर्देशन रहेको चलचित्रमा खगेन्द्र लामिछाने, निश्चल बस्नेत, आर्यन सिग्देल, केकी अधिकारी, उपासना सिंह ठकुरी, प्रकाश घिमिरे, श्रृजना नापित, संजोग रसाइली, रुविना घिमिरे, सुरज विष्टलगायत कलाकारलगायतको अभिनय छ ।

'के घर के डेरा : घर नं २' चलचित्र एप्पल इन्टरटेन्मेन्ट, ए प्लस इन्टरटेन्मेन्ट तथा नटराज क्रिएसनको प्रस्तुतिमा निर्माण भएको हो ।

कृष्णबहादुर थापाको सिनेमामा छायांकन रहेको 'के घर के डेरा : घर नं २'को कार्यकारी निर्माताको रूपमा युवराज कार्की छन् । निर्माताका रूपमा नकिम उद्दिन, शरद श्रेष्ठ र किरण महर्जन रहेका छन् ।

# मल्लिकाको 'कल्ले भन्यो...'




**काठमाडौं / मस**-लोकप्रिय गायक रामचन्द्र काफ्ले र चर्चित गायिका जुनु रिजालको स्वरमा रोमान्टिक गीत 'कल्ले भन्यो...' को भिडियो मल्लिका अफिसियल युट्युव च्यानलबाट सार्वजनिक भएको छ ।

दिनेश सुवेदीको शब्द, सन्तोष प्रगाढको संगीत रहेको भिडियोलाई मल्लिका राजोपाध्यायले निर्माण गरेकी हुन् ।

प्रियासी रेकर्डिङ स्टुडियो, अनामनगरमा रेकर्डिङ गरिएको गीतमा सम्पादन र रंग संयोजन राजेन्द्र पुरीको छ । बबिता श्रेष्ठको निर्देशन रहेको भिडियोमा विक्रम बुढाथोकी र मल्लिका राजोपाध्यायलाई प्रेमिल जोडीको रूपमा देखाईएको छ भने उत्तम हुमगाईंले खिचेका हुन् ।

# भोलाको 'गैदिउँ भागेर' बजारमा



**काठमाडौं / मस**-रंगपत्रकार भोला अधिकारीले बेला बेलामा आफ्ना शब्द रचनामा पूर्वेली गीत स्रोतामाझ ल्याउने गरेका छन् । लामो समयको अन्तरालमा उनको शब्द रचनामा 'गैदिउँ भागेर' बोलको पुर्वेली गीत सार्वजनिक भएको छ ।

पूर्वेली गायक अर्जुन घिमिरे र बिन्दु परियारको स्वरमा रहेको गीत 'गैदिउँ भागेर' सार्वजनिक भएको हो । गीतमा लय रविन अधिकारीले गरेका छन् ।

पूर्वको ओखलढुङ्गा, पोकली झरना, उदयपुर, सप्तकोशीदेखि धनकुटासम्मका सेरोफेरो गीतका शब्दमा समेटिएका छन् । माया प्रेमका भावमा प्रकृति र ठाउँ विषेशलाई गीतको शब्दमा उनिएको छ । पूर्वेली गीतहरू प्रायः गाउँ ठाउँको परिवेशलाई आधार मानेर नै गीत गाउने गरिन्छ । सोही अनुसार नै गीतकार अधिकारीले आफ्ना भाव पोखेका छन् ।

गीतको भिडियोमा गायक घिमिरे, गीतु पराजुली र सन्तोष बराईली आदिको अभिनय रहेको छ । गीतको भिडियोमा दीपेश एसकेको निर्देशन रहेको छ भने प्रेम लामाले खिचेका हुन् ।

# सुनिताको 'जाली रुमाल'मा उत्तम र अनुषाको प्रेमपीडा



**काठमाडौं / मस**-गायिका सुनिता ठगिमको स्वर रहेको गीत 'जाली रुमाल' सार्वजनिक गरिएको छ । श्रीमान् विदेशिएपछि श्रीमतीको मनमा उब्जने पीडारूपी भावनाहरू गीतको शब्दमा समेटिएका छन् । गीतमा शब्द तथा संगीत निलम रोजु राईको छ । गीतको एरेन्ज मनोज थापाले गरेका हुन् ।

गीतको आकर्षक भिडियो पनि बनेको छ । जसमा उत्तम राई, अनुषा राई, अवि राई र सोवा तामाङको अभिनय छ । गीतको भिडियोले श्रीमान् रोजगारीको लागि घरबाट टाढा रहदा श्रीमतीमा कस्तो पीडा हुन्छ भनेर देखाइएको छ । किरण राइले निर्देशन गरेको गीतको भिडियो योगेन्द्र पेवाङ राइले निर्माण गरेका हुन् । तुलशा लिम्बुको छायांकन रहेको भिडियोमा सम्पादन सरोज खालिङ राईको रहेको छ ।

# अभिनेता मुकुल देव रहेनन्



**काठमाडौं / मस**-भारतीय फिल्म तथा टीभी अभिनेता मुकुल देवको निधन भएको छ ।

५४ वर्षीय अभिनेता देवको निधन शुक्रबार राति नयाँ दिल्लीमा भएको हो । उनको के कारणले मृत्युको अझै स्पष्ट भएको छैन ।

अभिनेता राहुल देवले आफ्ना भाइ मुकुल देवको मृत्युको पुष्टि गरेका छन् । अभिनेता विन्दु दारा सिंहले मुकुल देवसँगको आफ्नो भिडिओ सेयर गर्दै दुःख व्यक्त गरेका छन् ।

अभिनेता मनोज बाजपेयीले पनि इन्स्टाग्राममार्फत मुकुल देवको निधनप्रति गहिरो दुःख प्रकट गरेका छन् ।


**Nepal Electricity Authority**

**Notice Regarding Intent to Accept the Bid**

**Notice Publication Date : 2082/02/11**

| Name & Address of Office | IFB and Type of Bidding | Name & Address of Lowest Evaluated Substantially Responsive Bidder | Approval Amount With VAT |
|---|---|---|---|
| Lumbini Provincial Office, Butwal Telephone No: 071-438584 | NEA-LPO-2081/82-12 | M/s Electric Power Protection, Hetauda-10, Makwanpur | NRS. 33,48,054.40 |
| Lumbini Provinc Division Office, Nepalganj Telephone No: 081-530585 | NEA-LPDON / Earthing & Line Materials/ 2081/082-09 | M/s Laxmi Baibhab Infra Engineering Pvt.Ltd. Lalitpur | NRS. 48,78,436.00 |



**मलेसियामा रोजगार**

कम्पनी: BGS SECURITY SDN BHD  शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०८२/०२/०९  चलानी नं.: ६०२३८३४८  LT. No.: 324342

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 20 | 0 | स. काममा दक्ष | 1700 | ५४,६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: Econsave Cash & Carry Sdn. Bhd.  शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०८२/०२/०९  चलानी नं.: ६०२३८३४९  LT. No.: 324344

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Maintainance M<echanic General | 15 | 0 | स. काममा दक्ष | 1700 | ५४,६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १८ गते (1 Jun 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

SAMRAT HUMAN RESOURCES PVT. LTD. License No: 1729/081/082
Dhumbarahi, Kathmandu- 4, Nepal, Ph No: 01- 4548013, 4548014, 9823073198, 9862340180
9851044152, 9851225179, Mail: info.samrathr@gmail.com, Web: www.samrathr.com



**कुवेतमा रोजगार**

कम्पनी: DELIVERY LIMITED CO FOR DELIVERY OF CONSUMER ORDERS  शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०५/१९  चलानी नं.: ६०२२४७७०  LT. No.:310196  पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CAR DRIVER LIGHT | 7 | 0 | स. काममा दक्ष | 140 | ६२,६४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १८ गते (1 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

S.R. Group HR Consultancy Pvt. Ltd.
Govt. Lic. No.: 1123/073/074
Address: Sinmangal-9, Kathmandu | Tel : 01-4110700
Mob.: 9818309178, 9841516281 | Web.: www.srgroupsa.com



**KUWAIT मा रोजगार**

कम्पनी: RELAX TREATS HEALTH INSTITUTE AND SALON COMPANY FOR LADIES  शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०७/२७  चलानी नं.: ६०२२७९०७  L.T. No.: 313411  पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beauty Salon Employee | 0 | 6 | सम्बन्धित काममा दक्ष | 130 | ५७,६६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Car Driver | 5 | 0 | | 150 | ६६,५४१ | | | | | | | |
| 3. | Cashier | 0 | 2 | | 150 | ६६,५४१ | | | | | | | |
| 4. | Cleaner Indoor | 0 | 11 | | 150 | ६६,५४१ | | | | | | | |
| 5. | Receptionist | 0 | 2 | | 150 | ६६,५४१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १८ गते (1 Jun 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

OMAMA MANPOWER PVT. LTD. Gov. Lic. No. 1422/074/075
An ISO 9001: 2015 International Standards Certified Recruiting Agency
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel: 01-4587731, 01-4581383, 9702046184, Whatsapp : 9702046184, 9801054682, 981054684
E-mail: omama.manpower1422@gmail.com, URL : www.omamamanpower.com, omamamanpowerdemand@gmail.com



**युएईमा रोजगार**

कम्पनी: P M J TECHNICAL WORKS L.L.C  शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०२/०९  चलानी नं.: ६०२३८३२६  LT. No.: 324387

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst Reinforcing Fitter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Brick Mason | 2 | 0 | | 1200 | ४४,८५६ | | | | | | | |
| 3. | Carpenter | 2 | 0 | | 1200 | ४४,८५६ | | | | | | | |
| 4. | Painter | 2 | 0 | | 1200 | ४४,८५६ | | | | | | | |
| 5. | Plumber | 2 | 0 | | 1200 | ४४,८५६ | | | | | | | |
| 6. | Plumber Assistant | 1 | 0 | | 1200 | ४४,८५६ | | | | | | | |
| 7. | Steel Fixer | 2 | 0 | | 1200 | ४४,८५६ | | | | | | | |
| 8. | Tile Layer. | 2 | 0 | | 1200 | ४४,८५६ | | | | | | | |

कम्पनी: ZAHRA NAJM ELECTROMECHANICAL CONTRACTING CO. L.L.C  शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०२/०९  चलानी नं.: ६०२३८३२५  LT. No.: 324386

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter Assistant | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Carpenter | 7 | 0 | | 1200 | ४४,८५६ | | | | | | | |
| 3. | Steel Fixer | 5 | 0 | | 1200 | ४४,८५६ | | | | | | | |
| 4. | Stone Mason | 4 | 0 | | 1200 | ४४,८५६ | | | | | | | |

कम्पनी: YAKSAB ELECTROMECHANICAL CONTRACTING L.L.C S.O.C  शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०२/०९  चलानी नं.: ६०२३८३२७  LT. No.: 324385

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Masons | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 5 | 0 | | 1200 | ४४,८५६ | | | | | | | |
| 3. | Painter | 2 | 0 | | 1200 | ४४,८५६ | | | | | | | |
| 4. | Plumber | 2 | 0 | | 1200 | ४४,८५६ | | | | | | | |
| 5. | Plumber Assistant | 1 | 0 | | 1200 | ४४,८५६ | | | | | | | |
| 6. | Steel Fixer | 5 | 0 | | 1200 | ४४,८५६ | | | | | | | |
| 7. | Tile Layer. | 2 | 0 | | 1200 | ४४,८५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १८ गते (1 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

मिराकल म्यानपावर प्रा. लि.  श्रम इजाजत नं. १२२३/०७४/०७५
पो.ब.नं.: ५७२, सामाखुशी-२६, काठमाडौं, फोनः ४९५१००३, Email: manpowermiracle33@gmail.com, Web.: manpowermiracle.com
Contact No : 9802022331, 9818721149, 9841046696, 9843583983,

# साफ महिला क्लब च्याम्पियनसिप नोभेम्बरमा हुने

**काठमाडौं/मस**-साफ महिला क्लब च्याम्पियनसिप आगामी नोभेम्बरमा नेपालमा हुने भएको छ। काठमाडौंमा साफ कंग्रेसका अवसरमा भएको साफको कार्यसमिति बैठकले साफ महिला क्लब च्याम्पियनसीप नेपालमा आयोजना गर्ने निर्णय भएको साफका महासचिव पुरुषोत्तम कट्टेलले जानकारी दिए।

च्याम्पियनसिपसिपमा सहभागी टिमको बारेमा पछि जानकारी गराइने कट्टेलले जानकारी दिए। ६ महिना बाँकी रहेकोले कति टिम सहभागी गर्ने भन्ने बारे पछि थाहा हुने उनले बताए।




# सहिद स्मृति राष्ट्रिय रग्बी भोलिदेखि




**काठमाडौं/मस**-सहिद स्मृति राष्ट्रिय रग्बी सेभेन्स महिला प्रतियोगिता २०२५ सोमबारदेखि हुँदैछ। शहिद स्मृति स्पोर्टस एकेडेमीको आयोजना तथा नेपाल रग्बी संघको प्राविधिक सहयोगमा प्रतियोगिता हुनेछ।

प्रतियोगितामा ५ प्रदेश र २ विभागीय टोली गरि ७ टोलीले स्पर्धा गर्नेछन्। प्रतियोगितामा कोसी, मधशस, बागमती, कर्णाली र सुदूरपश्चिम प्रदेश तथा त्रिभुवन आर्मी क्लब र नेपाल एपीएफ क्लब सहभागी हुनेछन्। लिग कम नकआउटको आधारमा हुने खेलमा ७ टोलीलाई २-२ पोलमा विभाजन गरिनेछ।

प्रतियोगिता सम्पन्न गर्न १९ लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ। एकेडेमीबाट ११ लाख तथा बाँकी रकम संघले दिने प्रतियोगिता संयोजक दीपक अधिकारीले जानकारी दिए।

खेलाडीहरूका लागि १ लाख २५ हजार बराबरको खेल दुर्घटना बिमा गरिएको संघले बताएको छ।

प्रतियोगिताको विजेताले १ लाख तथा उपविजेताले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन्। उत्कृष्ट खेलाडीले ७ हजार रुपैयाँ पाउनेछन्।

# शुभमन बने भारतीय टेस्ट टिमका नयाँ कप्तान



**काठमाडौं/मस**-भारतीय टेस्ट टिमको कप्तानको जिम्मेवारी शुभमन गिलले पाएका छन्। भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) ले शनिबार गिलको कप्तानीमा इङ्ल्यान्ड भ्रमणका लागि टिम घोषणा गरेको हो। गिलको कप्तानीमा घोषित टिममा उपकप्तान रिशव पन्त छन्। त्यस्तै टिममा यशस्वी जयसवाल, केएल राहुल, साई सुदर्शन, अभिमन्यु इसवार्न, करुण नायर, नितीश कुमार रेड्डी, रवीन्द्र जडेजा, ध्रुव जुरेल, वासिङ्टन सुन्दर, शार्दुल ठाकुर, जसप्रित बुमराह, मोहम्मद सिराज, प्रसिद्ध कृष्ण, आकाश दीप, अर्सदीप सिंह र कुलदीप यादव छन्।

भारतीय कप्तान रोहीत शर्माले केही दिनअघि टेस्ट क्रिकेटबाट सन्यासको घोषणा गरेका थिए। त्यसपछि भारतीय क्रिकेट टिममा टेस्टको कप्तानी कसले गर्छ भन्ने चासो रहेको थियो।

# कमिन्स र पाटीदारलाई जरिमाना



**काठमाडौं/मस**-आईपीएल टोली सनराइजर्स हैदराबादका कप्तान प्याट कमिन्स र रोयल च्यालेन्जर्स बैंगलोरका कप्तान रजत पाटीदारलाई जरिवाना गरिएको छ। शुक्रबार भएको खेलमा हैदराबादले आरसीबीविरुद्ध ४२ रनले जित हासिल गरेको थियो। पाटीदार र कमिन्सलाई आ-आफ्नो टोलीको स्लो ओभर रेटको लागि जरिवाना गरिएको हो।

कमिन्सलाई १२ लाख भारतीय रुपैयाँ जरिवाना गरिएको छ किनभने यो उनको टोलीको आईपीएल आचारसंहिता अन्तर्गत पहिलो मुद्दा थियो। साथै, पाटीदारलाई २४ लाख रुपैयाँ जरिवाना लगाइएको छ।

'पाटीदारलाई २४ लाख रुपैयाँ जरिवाना गरिएको छ किनभने यो न्यूनतम ओभर-रेट सम्बन्धी आईपीएल आचारसंहिताअन्तर्गत उनको टोलीको दोस्रो अपराध हो,' आईपीएलले एक विज्ञप्तिमा भनेको छ।

# भक्तपुरमा बुद्धिचाल प्रतियोगिता



**भक्तपुर/मस**-भक्तपुरमा कुमार ग्वाछा स्मृति खुला फिडे रेपिड रेटिङ (२००० मुनि) बुद्धिचाल प्रतियोगिता सुरु भएको छ। प्रतियोगितामा राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय खेलाडीहरूमध्ये ८ वर्षका बालकदेखि ६८ वर्षका नागरिक प्रतिस्पर्धामा उत्रिएका छन्।

भक्तपुर युवा टिम गोल्मढीको आयोजनामा सुरु भएको प्रतियोगिता भारत, इंग्ल्यान्डसमेत र नेपालका २५ जिल्लाबाट ५ महिलासहित १२७ जनाको सहभागिता छ। प्रतियोगितामा भारतबाट ४ र इंग्ल्यान्डबाट १ जना खेलाडीको सहभागिता छ।

नेपालको पहिलो अन्तर र्राष्ट्रिय आरविटर ज्ञानेन्द्र खाइजुले प्रतियोगितामा शनिबार ४ राउण्ड खेल भएको बताए।

## Nepal Electricity Authority
Duhabi Distribution Centre, Sunsari.
(Date of publication : 25 May, 2025 (11/02/2082))

**Invitation for Electronic Bids :**

| Tender No. | Description of Works/Jobs | Estimated Amount (NRs) with VAT |
|---|---|---|
| NEA-DDC-Civil Construction-2081/82-06 SQ RE | New Civil Construction Works at DuhabiDCS. | 8,15,595.08 |

Please visit PPMO (www.bolpatra.gov.np/egp) for more details.


## जापानमा रोजगार

कम्पनी: AP BUSINESS COOPERATIVE
पूर्व स्वीकृत मिति: २०८२/०२/०९ चलानी नं.: ६०२३८३३१
शहर: OKINAWA
LT. No.: 324305

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technical Intern Training (Construction) | 3 | 0 | स. काममा दक्ष | 160571 | १५३,७४३ | क.नि. अनुसार | ७ घण्टा ३० मिनेट | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

कम्पनी: SOPHIA REIWA COOPERATIVE
पूर्व स्वीकृत मिति: २०८२/०२/०९ चलानी नं.: ६०२३८३३३
शहर: FUKUSHIMA
LT. No.: 324304

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technical Intern Training (Construction labours) | 2 | 0 | स. काममा दक्ष | 168000 | १६०,८५७ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ जेठ १८ गते (1 June 2025) मा अनलाईन मार्फत हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ३०,००० कामदारले |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने। **(ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २८ वर्ष ननाघेको हुनुपर्नेछ।** (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र**
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको) कुल खर्च : रू ३०,००० कामदारले**
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालयमा २०८२ जेठ १८ गते ११:०० बजे ZOOM बाट हुनेछ।**
**नोट : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ।**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस्।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस्।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस्। ५) अनिवार्य रुपमा विमा गराउनुहोस्।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफुसँग राख्नुहोस्।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस्। बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस्। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ। ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस्।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।

**नोट: जापानिज भाषा N5 परीक्षा पास गरेको हुनुपर्नेछ। कम्तीमा +2 पास गरेको हुनुपर्नेछ।**

## नाप ईन्टरनेशनल प्रा. लि.
श्रम ईजाजत नं. ३६५/०५९/६०
बसुन्धारा -३, काठमाडौं, नेपाल, फोन नः ४९८७९१२, ४९८९१७८, ९८४५४७४२९८
Email: napinternational123@gmail.com


## सुदूरपश्चिम प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
# स्वास्थ्य कार्यालय बैतडी
### बैतडी

## क्याटलग सपिङ्ग विधिबाट सवारी साधन (एम्बुलेन्स) खरिद गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०२/११**

यस कार्यालयको लागि चालु आ. व. २०८१।०८२ मा आवश्यक तपसिल बमोजिमको (ख) बर्गको एक थान एम्बुलेन्स भन्सार छुटमा उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताले नियमानुसारका कागजातहरुको प्रमाणित प्रतिलिपीहरु समावेश गरि सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो सशोधन २०७३ को दफा ८) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) अनुसार सवारी साधनको उत्पादकको आधिकारिक स्पेकिफिकेसन, गुणस्तर र कम्पनीको आधिकारिक कागजात मूल्य र सुविधा सहितको गुणस्तर विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिन कार्यालय समय भित्र तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव सिलबन्दी गरी दर्ता गराउन हुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. यस कार्यालयबाट जारी सवारी साधनको विस्तृत प्राविधिक स्पेशिफिकेसन भरी पेश गर्नुपर्नेछ।
२. सिलबन्दी प्रस्ताव पेश गर्न इच्छुक सवारी साधन उत्पादक कम्पनी सो को नेपालको लागि आधिकारिक विक्रेताले उक्त सवारी साधनको क्याटलग, ब्रोसर, स्पेशिफिकेसन, सवारी साधन विक्रि गर्न नेपाल सरकारको सम्बन्धित निकाय बाट प्राप्त भएको अनुमती पत्र, सो को अधावधिक नविकरण गरिएको पत्र, स्थायि लेखा न. प्रमाणपत्र, मुल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र, आ. व.२०८०।०८१ को कर चुक्ता प्रमाणपत्र, स्वघोषणा, lette of Authorization सहितका कागजात पेश गर्नुपर्नेछ।
३. पेश भएको प्रस्तावमा सफल विक्रेतालाई मूल्यमा छुट र थप सुविधा सहितको गुणस्तर विवरण पेश गर्न पत्र मार्फत सूचना दिइनेछ।
४. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन कार्यालय समय भित्र पेश गर्न सकिनेछ।
५. अन्य आवश्यक कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४ र अधिकृत विक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधी, २०७४ बमोजिम हुनेछ।

**तपसिल**

| क्र स | साधनको किसिम | सक्षिप्त विवरण | सख्या | कैफियत |
|---|---|---|---|---|
| १ | एम्बुलेन्स | (ख) बर्गको थान १ | १ | सक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्विकृत Technical specification बमोजिम हुनेछ। विस्तृत जानकारीका लागि सम्पर्क न ९८४८७१४७०९ मा सम्पर्क गर्न सकिनेछ। Email id: baitadihealthoffice@gmail.com |

**नि. कार्यालय प्रमुख**

## नबिल बैंक लिमिटेड, बट्टार शाखा, नुवाकोटको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८२/०२/११)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनुभएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला। अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

### तपसिल

**१**

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, नुवाकोटमा मिति २०५५/११/२७ मा प्रा.फ.नं.घ.उ.वि.सः ६८/०५५/०५६ अन्तर्गत दर्ता भएको **विराट निर्माण सेवा उद्योग।**
ठेगानाः नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ४।
**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरण:**
जुजु मान श्रेष्ठको नाति चन्द्र बहादुर श्रेष्ठको छोरा नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. २१९८२ (जारी मिति २०४५/११/१५, स्थान नुवाकोट) भएका **राज कुमार श्रेष्ठ।**

**ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. लाल बहादुर श्रेष्ठको नाति जुजु मान श्रेष्ठको छोरा नुवाकोट जिल्ला, विदुर न.प. वडा नं. १ स्थायी घर भई हाल नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. २५४८ (जारी मिति २०१६/७/२२, स्थान नुवाकोट) भएका **चन्द्र बहादुर श्रेष्ठ।**
२. जुजु मान श्रेष्ठकी बुहारी चन्द्र बहादुर श्रेष्ठकी श्रीमती नुवाकोट जिल्ला, विदुर न.प. वडा नं. १ स्थायी घर भई हाल नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. ३९५८ (जारी मिति २०४२/४/३२, स्थान नुवाकोट) भएकी **मोहन माया श्रेष्ठ।**
३. मैन बहादुर श्रेष्ठकी छोरी, चन्द्र बहादुर श्रेष्ठकी बुहारी राज कुमार श्रेष्ठकी श्रीमती नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. ८५५३० (जारी मिति २०६०/०२/१९, स्थान नुवाकोट) भएकी **सिता श्रेष्ठ।**

**धितोमा रहेको घर/जग्गाको विवरण**

नुवाकोट जिल्ला, विदुर न.प. वडा नं. १ स्थायी घर भई हाल नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं.४ बस्ने, **चन्द्र बहादुर श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. १, नक्सा सीट नं १ मा अवस्थित कि.नं. क्रमशः ९२, १४५३, ४५५ र १४५६ क्षेत्रफल क्रमशः २-१२-०-३, ०-३-०-३, ०-३-३-० र ०-३-२-० रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**२**

**ऋणीको नाम र ठेगानाको विवरण**

क्षमाधर ढकालको नाति पदमनाथ ढकालको छोरा, नुवाकोट जिल्ला, तारुका गा.प. वडा नं. ६ बस्ने, ना.प्र.नं. ३०७८ (जारी मिति २०४४/११/२५, स्थान नुवाकोट) भएका **शिव प्रसाद ढकाल।**

**ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. पदमनाथ ढकालको नाति शिव प्रसाद ढकालको छोरा, नुवाकोट जिल्ला, तारुका गा.वि.स. वडा नं. ६ बस्ने, ना.प्र.नं. ९०४६३/९४९ (जारी मिति २०६०/१०/२९, स्थान नुवाकोट) भएका **मोतीराम ढकाल।**
२. हुम प्रसाद गजुरेलकी छोरी, पदमनाथ ढकालकी बुहारी, शिव प्रसाद ढकालकी श्रीमती, नुवाकोट जिल्ला, तारुका गा.प. वडा नं. ५ बस्ने, ना.प्र.नं. ३०९३ (जारी मिति २०४४/११/२५, स्थान नुवाकोट) भएकी **धन कुमारी ढकाल।**

**धितोको विवरण**

नुवाकोट जिल्ला, तारुका गा.वि.स. वडा नं. ६ बस्ने, **शिव प्रसाद ढकाल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नुवाकोट जिल्ला, तारुका गा.वि.स. ४, नक्सा सीट नं. ४छ मा अवस्थित कि.नं. २२४, २२९ र २२८ क्षेत्रफल ०-२-३-२.५, ०-१-०-१.५ र ०-६-२-१.५ रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**३**

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०७६/०४/२८ मा प्रा.फ.र.नं. ४८/०७६/७७ अन्तर्गत दर्ता भएको **संगम किराना पसल।**
ठेगाना : नुवाकोट जिल्ला, सुर्यगढी गा.पा. वडा नं. ४।
**ऋणी फर्मका प्रोप्राइटरः**
भैरव बहादुर तमाङकी छोरी, विर बहादुर तमाङकी बुहारी मछिन्द्र बहादुर तमाङकी श्रीमति नुवाकोट जिल्ला, हल्देकालीका गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल नुवाकोट जिल्ला, सुर्यगढी गा.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. ६८५९९ (जारी मिति २०५७/७/१८, स्थान नुवाकोट) भएकी **माइली तमाङ।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

अम्बर बहादुर तमाङको नाति, विर बहादुर तमाङको छोरा नुवाकोट जिल्ला, हल्देकालीका गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल नुवाकोट जिल्ला, सुर्यगढी गा.पा. वडा नं. ४ बस्ने, ना.प्र.नं. ४५६६७/३४२ (जारी मिति २०५३/०५/०९, स्थान नुवाकोट) भएका **मछिन्द्र बहादुर तमाङ।**

**धितोमा रहेको घर/जग्गाको विवरण**

नुवाकोट जिल्ला, हल्देकालीका गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल नुवाकोट जिल्ला, सुर्यगढी गा.पा. वडा नं. ४ बस्ने, **मछिन्द्र बहादुर तमाङ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नुवाकोट जिल्ला, वागेश्वरी गा.वि.स. वडा नं. ९, हाल नुवाकोट जिल्ला, सुर्यगढी गा.पा. वडा नं. ४ नक्सा सीट नं ९ मा अवस्थित कि.नं. क्रमशः २४०, १७८०, १७७७, १७८१ र १७७५ क्षेत्रफल क्रमशः ०-१२-३-२, ३-८-१-२, ०-१२-२-३, १-१५-३-२ र १-१५-२-० रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**NABIL BANK**
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

# आर्थिक

www.madhyanhadaily.com
गो.द.का.द.नं. ३३/०६९/०७०
११ जेठ २०८२ आइतबार
25 May 2025, Sunday



**कृ**षि क्षेत्रको विस्तारको लागि बजार र प्रविधिको आवश्यकता बढ्दो छ । ग्रामिण कृषि अर्थतन्त्रलाई माथि उठाउन किसानको बजारसम्म सिधै पहुँच गराउने माध्यम प्रविधि बन्न सक्छ । सूचना तथा प्रविधि क्षेत्रमा नेपालमा भइरहेको तीव्र विकास अब कृषि क्षेत्रतर्फ केन्द्रित गर्न सक्ने हो भने कृषिबाट पलायन भइरहेको जनशक्तिलाई रोक्न सकिन्छ । प्रस्तुत छ, नेपालको कृषि, बजार र प्रविधिलाई जोड्ने काम गरेको कनेक्ट किसानका निर्देशक **राजन दाहाल**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।

# 'किसानलाई प्रविधिसँग जोड्ने हो भने कृषिमा आकर्षण बढ्छ'

**राजन दाहाल**
**निर्देशक, कनेक्ट किसान**

### नेपालको कृषि क्षेत्रलाई बजारसँग जोड्न प्रविधिको आवश्यकता कति देख्नुहुन्छ ?

नेपालको कृषि क्षेत्रमा विकासको अवरोध नै बजारको व्यवस्थापन नहुँदा भएको हो । कृषिलाई यहाँ प्रमुख पेशाकै रुपमा लिइन्छ तर, कृषिबाट लाभ लिएकाहरू अथवा धनी भएका व्यक्ति निकै नै कम छन् । त्यसैले कृषि क्षेत्रकै विकासमा समस्या देखिएको छ ।

कृषिजन्य उत्पादन गर्ने भन्दा बेच्नेलाई धेरै फाइदा छ । माटोमा काम गर्ने व्यक्तिको जीवनस्तरमा सुधार नआउनुको मुख्य कारण कृषक र बजारबीचको दुरी निकै टाढा भएर हो । तर, कृषि क्षेत्रलाई छिटो माथि उठाउने हो भने प्रविधिमैत्री कृषकको संख्या बढाउन सक्नुपर्छ । किसानलाई प्रविधिसँग जोड्ने हो भने अहिले देखिएको उत्पादन र बजारबीचको समस्या सामाधान गर्न धेरै समय लाग्दैन ।

### नेपाली कृषकलाई प्रविधिसँग जोड्न कति सहज छ ?

अब नेपाली कृषकलाई प्रविधिसँग जोड्न सहज हुँदै गएको छ । अहिले हाम्रो गाँउघरमा सबैको हातमा एन्ड्रोइड मोवाइल र इन्टरनेटको पहुँच पुगेको छ । गाँउघरमा समाजिक सञ्जाल चलाउन नजान्ने र फोन गर्न नसक्ने घट्दै गएका छन् । यही बेलामा हामीले प्रविधिको सदुपोग गर्दै किसान लक्षित आर्टिफिशल इन्टेलिजेन्स (एआई) प्रविधिबाट कृषकलाई जोडन सकिन्छ । एआईमा देखिएको प्रगति च्याट, अडियो, भिडियो सन्देशमार्फत् किसानसम्म पुऱ्याउन सकिन्छ ।

किसानलाई मल, बिउ, विषादी, उत्पादनको बजारको अवस्था एआई मार्फत मोवाइलबाटै दिन सकिन्छ । यस्तै किसानले मोबाइलबाटै आफ्नो उत्पादन सिधै होलसेलसम्म पुऱ्याउन सक्ने प्रविधिको विकास गर्न सकिन्छ । किसानलाई कृषि उत्पादन र बिक्री सम्बन्धी आइडिया दिने हो भने कृषि क्षेत्रबाट राम्रो प्रतिफल आउन सक्छ र आकर्षण समेत बढ्छ ।

कृषकले अहिले गरिरहेको परम्परागत कृषिलाई आधुनिकीकरणमा सघाउने काम सरकारले गर्न आवश्यक छ । किसानले गरेको उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने माध्यम नै एआई प्रविधिलाई बनाउन सकिन्छ । नेपालमा बिस्तारै कृषिमा प्रविधि भित्रिरहेको छ । अब यसलाई थप बिस्तार गर्न आवश्यक छ । आइटी क्षेत्रलाई कृषिसँग लिंक गर्न सकिन्छ । नेपालमा कृषि गर्न लागेको सयौ वर्ष हुँदा समेत कृषि क्षेत्र आत्मनिर्भर हुन नसक्नुको कारण नै कृषिबाट प्रतिफल नआउनु हो । पछिल्लो समय कृषि क्षेत्रबाट भइरहेको जनशक्ति पलायनलाई रोक्नको लागि कृषि र प्रविधिलाई एक सिक्काको दुई पाटाको रूपमा काम गर्न आवश्यक छ ।

हामीले कनेक्ट किसानमार्फत् किसान र बिक्रेतालाई जोड्ने काम गरिरहेका छौं । किसानलाई कसरी आयस्रोत बढाउने भन्ने तर्फ हाम्रो ध्यान हो । कृषकले राम्रो उत्पादन गरे भने बेच्नका लागि प्रविधिले सहयोग गर्ने वातावरण बनाउन आवश्यक छ ।

### कृषिमा विकास गर्न प्रविधिको महत्व किन छ ?

नेपालमा अहिले पनि निर्वाहमुखी कृषि प्रणाली छ । कृषि गर्ने मेहनती व्यक्तिसँग जमिन छैन । जमिन भएका व्यक्ति कृषिमा लगानी गरिरहेका छैनन् । त्यसको मुख्य कारण नै आम्दानीसँग जोडिने गरेको छ । तर, बिस्तारै कृषिमा लगानी विस्तार भएको देखिन्छ । अब कृषिमा काम गर्ने श्रमिक र व्यवसायीलाई जोड्ने काम प्रविधिले गर्न सक्छ ।

अहिले प्रविधिमा एआईको प्रयोग तीव्र गतिमा भइरहेको छ । कृषिमा समेत एआईको प्रयोगलाई प्राथामिकता दिन सक्ने हो भने उत्पादन बढाउन सकिन्छ ।

### कनेक्ट किसानले कृषकसँग कसरी काम गर्छ ?

कनेक्ट किसान किसानकै लागि तयार गरिएको अनलाइन प्लेट फर्म र एप हो । किसानलाई एपमार्फत् बजार, बिउविजनदेखि अनुदान लिनसक्नेसम्मको जानकारी र सहजीकरण गर्ने काम भइरहेको छ ।

हामीले अहिले ६ वटा स्थानीय तहसँग आवद्ध भएर काम गरिरहेका छौँ । १० हजार भन्दा धेरै कृषक कनेक्ट किसानमा जोडिनु भएको छ । यसले बेच्ने र किन्ने एकै स्थानमा अटाउने प्लेट फर्मको रुपमा काम गरिहरेको छ । यसमा एक सय ५० भन्दा बढी होलसेलर व्यवसायी समेत जोडिनुभएको छ ।

नेपालमा अझै पनि किसानहरू यो वा त्यो बहानामा उत्पादनको उचित मुल्य पाइरहेका छैनन् । प्रविधिको प्रयोगलाई सहज बनाउने हो भने कृषक, बजार, उपभोक्ता कसैलाई मार पर्दैन । नेपालको किसानको हातमा मार्केट नहुँदा अहिले समस्या भएको प्रविधिमार्फत् कृषक र बजारलाई जोड्ने हो भने कृषि क्षेत्रमा आकर्षण बढ्छ । किन्ने र बेच्ने दुवैले रियल टाइममा कारोबार गर्न सकिन्छ ।

किसानलाई कसरी प्रविधिसँग जोड्नका लागि कनेक्ट किसानले काम गरेको छ । कनेक्ट किसानले किसानलाई बजारसम्म जोड्ने, उत्पादनको चरणदेखि बिक्री गर्ने समयसम्म रोग, उपचार पद्दति, मौसमको अवस्था, कृषि उपकरणदेखि अनुदानको अवस्थाको विषयमा समेत जानकारी दिने काम गरेको छ ।

# सरकारले ४ खर्ब ऋण उठायो

## ३ खर्ब बढी साँवा ब्याज भुक्तानी

**काठमाडौं/मस –** सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को १० महिनामा करिब चार खर्ब बराबर सार्वजनिक ऋण उठाउँदा तीन खर्ब आठ अर्ब हाराहारी साँवा ब्याज भुक्तानी गरेको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तयार पारेको वैशाख मसान्तसम्मको सरकारी ऋणको प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको सुरुमा कूल सार्वजनिक ऋण २४ खर्ब ३४ अर्ब नौ करोड रहेकामा पछिल्लो १० महिनामा एक खर्ब ८८ अर्ब ३० करोड थप वृद्धि भई कूल ऋण दायित्व २६ खर्ब २२ अर्ब ४० करोड पुगेको छ । जुन कूल गार्हस्थ्य उत्पादनको ४२.९४ प्रतिशत हुन आउँछ । कूल सार्वजनिक ऋणमा वैशाख मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५१.६९ प्रतिशत अर्थात् १३ खर्ब ५५ अर्ब ६९ करोड रहेको छ ।




आन्तरिक ऋणको हिस्सा ४८.३१ प्रतिशत अर्थात् १२ खर्ब ६६ अर्ब ७० करोड रहेको छ । वैशाख महिनामा सार्वजनिक ऋण प्राप्तिभन्दा साँवा भुक्तानी बढी गरेकाले अघिल्लो महिनाको तुलनामा कूल सार्वजनिक ऋण दायित्व घट्न गएको कार्यालयले जनाएको छ । गत चैत मसान्तसम्ममा कूल सार्वजनिक ऋण २६ खर्ब ६७ अर्ब २६ करोड बराबर थियो ।

सरकारको वार्षिक लक्ष्यअनुसार आन्तरिक ऋण उठाउन प्रगति देखिए पनि बाह्य ऋण भने वार्षिक लक्ष्यको तुलनामा कम मात्र उठेको छ । 'चालु आर्थिक वर्षमा जम्मा पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकामा वैशाख मसान्तसम्ममा तीन खर्ब ९० अर्ब ८३ करोड ऋण प्राप्ति भएको छ । वार्षिक लक्ष्यको तुलनामा कूल ऋण प्राप्ति ७१.४५ प्रतिशत रहेको छ', प्रतिवेदनमा भनिएको छ, 'जसमध्ये आन्तरिक ऋण प्राप्तिको प्रगति ९१.२५ र बाह्य ऋण प्राप्तिको प्रगति ४१.३३ प्रतिशत रहेको छ । कूल सार्वजनिक ऋण प्राप्तिमध्ये आन्तरिक ऋण ७७.०५ र बाह्य ऋण २२.९५ प्रतिशत रहेको छ ।'

चालु आर्थिक वर्षका लागि सरकारले तीन खर्ब ३० अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखेकामा हालसम्म तीन खर्ब एक अर्ब १४ करोड उठाएको छ भने २८ अर्ब ८५ करोड आन्तरिक ऋण उठाउन बाँकी छ । त्यसैगरी यस वर्ष दुई खर्ब १७ अर्ब बाह्य ऋण उठाउने सरकारी लक्ष्य रहेकामा हालसम्म ८९ अर्ब ६८ करोड उठिसकेको छ भने एक खर्ब २७ अर्ब ३१ करोड उठ्न बाँकी छ ।

सरकारले यस वर्ष सार्वजनिक ऋणको साँवाब्याज भुक्तानीका लागि चार खर्ब दुई अर्ब ८५ करोड बजेट छुट्याएको थियो । जसमध्ये गत वैशाख मसान्तसम्ममा तीन खर्ब आठ अर्ब १४ करोड साँवाब्याज भुक्तानी भएको छ । यो वार्षिक बजेट विनियोजनको आधारमा ७६.४९ प्रतिशत हो । कूल गार्हस्थ्य उत्पादनका आधारमा वैशाख मसान्तसम्ममा कूल ऋण सेवा खर्च पाँच दशमलव ०५ प्रतिशत रहेको कार्यालयले जनाएको छ ।

# सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक छ : अध्यक्ष ढकाल

**काठमाडौं/मस –** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले सरकार र निजी क्षेत्रबीच सहकार्यको आवश्यकता भएको बताएका छन् । शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले सो बताएका हुन् ।




पर्यटन प्रवर्द्धनका लागि प्राकृतिक र धार्मिक सम्पदाको प्रभावकारी रूपमा उपयोग गर्न जरुरी रहेको उनले बताए । उनले कार्यक्रममा बोल्दै नेपाल प्राकृतिक र धार्मिक रूपमा धनी देश भए पनि त्यसअनुसारको लाभ लिन नसकिएको बताए । नेपाल सगरमाथा, लुम्बिनी, पशुपतिनाथ र मुक्तिनाथ जस्ता विश्व प्रसिद्ध पर्यटकीय स्थलको देश भए पनि त्यसको लाभ उठाउन नसकेको उनको भनाइ छ । उनले नेपाल उद्योग वाणिज्य महासंघ पर्यटन पूर्वाधार निर्माणमा कटिबद्ध भएर लागिरहेको समेत बताए । सातै प्रदेशमा पर्यटन पूर्वाधार निर्माणको कार्य अघि बढिरहेको समेत उनले बताए ।

अध्यक्ष ढकालले पर्यटन प्रवर्द्धनले नेपालको आर्थिक वृद्धिमा टेवा पुऱ्याउने उल्लेख गर्दै सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेकोमा समेत जोड दिएका छन् ।

## पूर्वीचौकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सानगाउँ, डोटी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृति गर्ने सम्बधित आशयको सूचना

**सूचना प्रकाशित मिति :२०८२/०२/११**

यस पूर्वीचौकी गाउँपालिका कार्यालय, डोटीबाट मिति २०८२/०१/०२ गते रास्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार तोकीएको मिति भित्र रितपूर्व दर्ता हुन आएका बोलपत्रदाताको बोलपत्र छनोट गर्ने निर्णय भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा (२७) को उपदफा (२) बमोजिमको प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

| ठेक्का न. | विवरण | छनोट भएका बोलपत्रदाता | कबोल अंक रु. (पी.यस. तथा मु.अ.का र vat बाहेक) |
|---|---|---|---|
| PRM/DOTI/LIFT/B/NCB-01/081/082 | Construction of Chaukhutte Lifting water supply project purbichauki Rural Municipality 05 Doti | M/s R.k Nirman sewa Mangasen-5 Achham | 21,92,209.40 |
| PRM/DOTI/B/NCB-02/081/082 | Construction of Mini Khaptad Tourism purbichauki 02 Baglekh Doti | M/S B.S Group Purbichauki Rural Municipality 03 Doti | 17,33,372.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**